साप्ताहिक
गोरखा एक्सप्रेस
GORKHA EXPRESS NATIONAL WEEKLY
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
माटोवादीहरुको साझा पत्रिका
वर्ष ४२ अंक १ २०८० साउन २, मंगलबार (July 18, 2023) मूल्य रू. १०/-

सत्ता सञ्जाल नै भ्रष्टिकरण भइसक्यो

काठमाडौं । भुटानी शरणार्थी काण्डमा शक्तिशाली जो मुछिए, तिनीहरूमाथि छानबिन भएकै छैन । पूर्वगृहमन्त्री बालकृष्ण खाण र टोपबहादुर पक्राउ परे, बाँकी सत्तासीन र अन्य जो मुछिएका छन्, ठूला भ्रष्टाचारमा संलग्न छन्, तिनीहरू पक्राउ नपर्दा सीआइबी समेत आलोच्य बन्न थालेको छ ।

यस्तै अवस्था ललिता निवासको संगठित भ्रष्टाचार, वाइडबडी जहाज काण्ड, सुनकाण्डदेखि अनेक काण्डै काण्ड छन्, जो छानबिन हुनैसकेन, भ्रष्टमाथि कारवाही हुने लक्ष्यणसम्म देखिदैन । लोकतन्त्रको शासकीय संयन्त्र जे छ, त्यो ठूला नेता, ठूला प्रशासक, ठूला पार्टी र ठूला कर्मचारीको सेटिङ गर्ने र अकुत सम्पत्ति कमाउने संयन्त्रमा परिणत भइसकेको देखिन्छ । न्यायाधीश समेत मुछिएका छन्, अदालतमा सर्वदलीयता कायम गर्न खोजिदैछ, नियुक्त हुने भनिएका ८० न्यायाधीश पनि दलीय भागबण्डामा नियुक्त गर्ने प्रपञ्चको हावा चलिसकेको छ । सत्ता र पार्टीका हरेक क्रियाकलाप भ्रष्टाचारमा मुछिने र भ्रष्टाचार सार्वजनिक भइहाल्यो भने अनुसन्धान र कारवाही गरेजस्तो लिपापोती गर्ने गरिएको देखिन्छ ।

यस्तै अवस्था रह्यो भने जनतामा निराशा र निराशाले विद्रोह हुनसक्नेछ ।

प्रकाशकीय : गोरखा एक्सप्रेस ४२औं वर्षमा

प्रकाशकीय- यो अङ्कदेखि गोरखा एक्सप्रेस ४२औं वर्षमा प्रवेश गरेको छ ।

प्रकाशन सुरू भएदेखि यो पत्रिकाले माटोवादको वकालत गर्दै आयो । **माटो अर्थात राष्ट्र, जनता अर्थात् राष्ट्रवाद** । गोरखा एक्सप्रेसको एकमात्र उद्देश्य माटो र जनताको आवाज उठाउनु हो । बहुदल आयो, पत्रिकाको मार्ग बन्यो । जनयुद्ध, जनआन्दोलन र परिवर्तन आयो, गणतान्त्रिक लोकतन्त्र अपनाइयो । तर लोकतन्त्रमा नेता देखिए, लोक हराए । २०६३ को परिवर्तन र २०६५ को गणतन्त्र कार्यान्वयन र त्यसपछिका राजनीतिक परिदृश्य जे देखिए, यो पद्धतिमा नेताका नैतिकतामा ह्रासमात्र आयो । कसैले जिम्मेवारी बोध गरेनन् । नेतृत्वको आचरण सुध्रेन । लोकलज्जा मिचियो । बाहुबली र सेटिङ, लेनदेन राजनीति भनियो । जनतालाई दयनीय पात्र बनाइयो । यो अवस्थामा हाम्रो जिम्मेवारी अरू बढेको छ । कर्तव्य पूरा गर्न पाठक, विज्ञापन दाता, सद्भाव-सुभ्भाव दिनुहुने सबैप्रति हार्दिक आभार ।

रूसी सेनामा नेपाली युवा !!

काठमाडौं । धमाधम रूसी सेनामा नेपाली युवा भर्ति हुनथालेका छन् । बुद्धिजीवीहरको प्रतिक्रिया छ- नेपालीलाई रूसी सेनामा डीभी पो खुलेको रहेछ !

वेलायत र भारतका लागि बन्दुक त बोकेकै थियौं, फकलेण्ड युद्धमा मर्सिनरीका रूपमा छाती थापेकै हो नेपाली युवाले । अब रूसले युक्रेन र नाटोका सेनासंग लड्न नेपाली युवालाई गोर्खाका रूपमा भर्ति गर्नथालेपछि चर्चा चुलिएको छ ।

अफगानिस्तानमा mine & explosive devices early detector before US soldiers went ahead भएर नेपाली युवाले ज्यान जोखिममा राखेर काम गरेकै हुन् । देशमा रोजगारी नभएपछि युवाले निकास खोज्छन्, जान्छन् । संसद, सरकार र योजनाविदहरूले त युवाले कमाएर पठाएको रेमिटान्स खर्चेर रमाउने न हो ।

हुन त भित्रैभित्रै चीनले पनि गोर्खा सेना भर्तिबारे सोच्न थालेको बताइन्छ ।

जबसम्म नेपालमा भ्रष्ट, अनैतिक, सिद्धान्तहीन र अराष्ट्रिय सोच भएका यस्ता नेता र पार्टी हुन्छन्, तबसम्म युवाले भविष्य नदेखेर विदेशीनु पर्ने पक्का छ ।

एक आना फिर्ता गर्ने न्यायाधीश

काठमाडौं । निजामती कानुन हेर्ने उपसचिव हुँदा 'कानुन बमोजिम ठिक छ' भनेर टिप्पणी उठाएर ललिता निवासको धेरै जग्गा कमिशन खाएका र न्यायाधीश भएपछि एक आना फिर्ता गरेर उन्मुक्ति पाउने हालका न्यायाधीश हुन् विनोदकुमार गौतम । तर उनकै २०६६ चैत २९ को टिप्पणीमा सही गरेर अघि बढाउने सञ्चार सचिव कृष्णबहादुर राउत भने छानबिनका लागि पक्राउ परे । यही टिप्पणीका आधारमा मन्त्रिपरिषदले निर्णय गरेको र ललिता निवासका जग्गा विभिन्न व्यक्तिका नाममा नामसारी हुनथालेको थियो । टिप्पणी लेख्ने र अघि बढाउने पक्राउ पर्ने, टिप्पणीमा कानुन बमोजिम ठिक छ भन्ने न्यायाधीश भएकाले उनलाई उन्मुक्ती दिने सर्वोच्च अदालतको यो फैसलाबारे आश्चर्य बढेको छ ।

राजदूतको सिफारिसमा योग्य कि अयोग्य

काठमाडौं । शुक्रवार बालुवाटारमा गुप्तगु बैठक गरेर नाम तय गरेको र मंगलवारको मन्त्रिपरिषदको बैठकले सिफारिस गरेका ६ राजदूतका नाम देखेर यिनले देशका लागि कुन प्रकारको काम गर्लान् र ? भन्ने प्रश्न उठेको छ ।

स्वतन्त्र टिप्पणीकारहरू भन्छन्- कति राम्रो सूची, समावेशी मात्रै होइन, समानुपातिक समावेशी पनि रहेछ । महिला, आदिवासी जनजाति, मधेसी, दलित, भिन्न क्षमता, तेस्रो लिंगी सबै सबै समेटिएछ । खस त एकजना पनि छैनन् ।

सिफारिसमा पर्नेहरूमा राष्ट्रसंघीय स्थायी नियोगमा लोकबहादुर थापा, जेनेभामा: रामप्रसाद सुवेदी, फ्रान्समा सुधीर भट्टराई, थाइल्यान्डमा धनबहादुर ओली, युएईमा तेजबहादुर क्षेत्री र कुवेतमा घनश्याम लम्साल रहेका छन् ।

परराष्ट्रका सचिवलाई पन्छाइएको छ । चर्चा छ- उचित ज्ञान र सीप नभएकाहरू कसरी सिफारिसमा परेका होलान् ? जनयुद्धकालीन ज्यादतिलाई ढाकछोप गराउन लेबी बुझएकै आधारमा नवमाओवादीले राजदूतको मौका पाएका हुनसक्छन् । देश आर्थिक संकटमा छ, विदेशी चलखेल बढेको छ । यो अवस्थामा नेपालका लागि लविङ गर्नसक्ने, लगानी ल्याउन सक्ने, नेपालको छवि उजिल्याउन सक्ने आधारमा राजदूतको चयन हुनुपर्ने थियो । त्यसो नभएकोमा परराष्ट्रभित्रै असन्तुष्टि देखिन्छ ।

अमेरिकाको निरन्तर निगरानी

एमसीसी पास हुनैहुन्, मर्न मार्न तैयार छौं भनेर सडक आन्दोलनमात्र होइन, सडकमा टायर बालेर सनसनी फैलाउनेहरू ०७८ फागुन दोस्रो साता एकाएक तिनको ज्वालामुखी तातो सेलायो, नेताहरू संसदमा पुगे र ०७८ फागुन १५ गते संसदबाट एमसीसी अनुमोदन भयो । अचम्म त के देखियो भने को समर्थक, को विरोधकर्तासमेत छुट्टिएन । साझा सहमतिमा एमसीसीलाई संसदले स्वीकार गऱ्यो ।

एमसीसीका सम्बन्धमा एक चीन विज्ञले सामाजिक सञ्जालबाट खुलासा गरेका थिए- एमसीसीका खुला विरोधकर्ताहरू देव गुरूङ, भीम रावल, लीलामणि पोखरेल, पम्फा भुसाल, जनार्दन शर्मा, मातृका प्रसाद यादव, मणि थापा, घनश्याम भुसाल, युवराज ज्ञवाली, मुकुन्द न्यौपाने, कृष्णगोपाल श्रेष्ठ, अष्टलक्ष्मी शाक्य, भरत दाहाल थिए भने नाइगा समर्थकहरू वर्षमान पुन, प्रदीप ज्ञवाली, विष्णु रिमाल, पुष्प कडेल सतहमा देखिए र अर्धसमर्थकहरू भीम आचार्य, सुरेन्द्रप्रसाद पाण्डे, रघुजी पन्तलगायत थिए । ०७८ फागुन १७ गतेपछि समर्थक, विरोधकर्ताहरू सबै मौन छन् । भरत दाहाल युट्युबबाट चिच्याइरहेका छन्, उनको आवाज सरकार, संसद, नेता कसैले पनि सुनेको अनुभूति हुँदैन ।

एमसीसी नेपालले स्वीकार गऱ्यो । एमसीसीबारे सरकार, संसद, नेताहरूले बुझ्नुपर्छ, आमनेपालीलाई बुझाउनु पर्छ र कसरी नेपालको पक्षमा अनुदानको सदुपयोग गर्ने भन्ने सम्बन्धमा लाग्नुपर्छ, अब एमसीसीको विरोध गर्नुको औचित्य देखिदैन । किनकि जनप्रतिनिधिले यसलाई स्वीकार गरेका छन् । अर्को महिनादेखि कार्यान्वयनमा जाने र ५ वर्षभित्र एमसीसीको परियोजना सम्पन्न गर्ने दायित्व नेपाल सरकारले लिनुपर्छ । पूर्वाधार निर्माण, विद्युत प्रसारण लाइनमात्र होइन, जग्गाको अधिग्रहणका समस्यासमेत नेपाल सरकारले समाधान गर्न सघाउने वचन दिएको छ । असार २९ गते दक्षिण तथा मध्यएसिया मामिला हेर्ने अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लु कार्यान्वयनकै समस्याका बारेमा बुझ्न आएको बताइएको छ ।

एकदिने तुफानी भ्रमणमा आउका डोनाल्ड लुले एमसिसी अनुदानको परियोजना कार्यान्वयनमा लैजान सहयोग गरेकोमा प्रधानमन्त्री, कांग्रेस सभापति देउवा र प्रमुख प्रतिपक्षी एमाले अध्यक्षलाई धन्यवाद दिएर गएका छन् । यसअघि आउँदा एमसीसी चाहियो भन्ने, चाहिन्छ कि चाहिन्न, नचाहिने भए चीनको दबाबमा अस्वीकार गरेको अर्थमा बुझ्नुपर्ने भयो भनेर आवेग देखाएका डोनाल्ड लुले यसपल्टको भ्रमणमा कृतज्ञता व्यक्त गरेका छन् । उनको धन्यवादले नेपाली नेतृत्व तहमा खुशीयाली छाएको हुनुपर्छ । परराष्ट्रमन्त्री एनपी साउदले समेत एमसीसी कार्यान्वयन हुने बताएका छन् ।

एमसीसी कार्यान्वयनमा जाने दिन एमसीसीका वरिष्ठ अधिकारीहरूले नेपाल भ्रमणमा आउने पनि बताएका छन् ।

धन्यवाद दिन आएको बताएका डोनाल्ड लुले एमसीसी कार्यान्वयनमा गएपछि नेपालको विकासका लागि थप सहयोग गर्ने वचन पनि दिएका छन् । नेपाली नेताहरूले एमसीसी कार्यान्वयनमा आ-आफ्ना दल र सरकारले सहयोग गर्ने प्रतिवद्धता जनाउँदै अमेरिकाले गरेको निरन्तरको सहयोगका लागि हार्दिक धन्यवाद दिएका थिए । जाँदाजाँदै डोनाल्ड लुले कतैबाट अवरोध नहुने विश्वास व्यक्त गरेका थिए ।

फैलिएको बाक्लो संशय हटाएर देशहितको वातावरण बनाउने जिम्मेवारी नेताहरूको हो । जवाफदेही हुनैपर्छ ।

कोरियाको उपहार : १ सय ५० शैयाको अस्पताल

काठमाडौं । १ सय ५० शैयाको अस्पताल बनाउन दक्षिण कोरियासँग सम्झौता सम्पन्न भएको छ । यो अस्पताल भक्तपुरको मध्यपुर थिमि नगरपालिकामा सुविधा सम्पन्न अस्पतालका रूपमा निर्माण हुनेछ । दक्षिण कोरियाली दूतावासको अग्रसरतामा अर्थ मन्त्रालयमा अर्थसचिव अर्जुनप्रसाद पोखरेल र नेपालका लागि कोरियाका राजदूत पार्क ते-योङबीच सम्झौतापत्रमा हस्ताक्षर भएको हो । भक्तपुरमा नेपाल-कोरिया मैत्री नगर अस्पताल चालु रहेको छ । यही अस्पतालालाई अत्याधुनिक रूपमा थप शैयाका साथ विस्तार गर्न एक अर्ब २५ करोड ४० लाख रूपैयाँ कोरियाले लगानी गर्न सहमति जनाएको छ ।

यो योजना ५ वर्षभित्र सम्पन्न गर्ने भनिएको छ । सामान्य प्रशासन मन्त्रालय, कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका), मध्यपुर थिमी नगपालिका र उक्त अस्पतालले संयुक्त रूपमा यस कार्यलाई सम्पन्न गराउने छन् । कोरियाको

सहयोगमा नगरपालिका अस्पतालको छेउमा रहेको जग्गामा १ सय ५० शैयाको नयाँ अस्पताल निर्माण गरिने र आवश्यक स्वास्थ्य उपकरण उपलब्ध गराउने तथा कर्मचारीका लागि क्षमता विकासमा समेत कोरियाले सघाउने भनिएको छ ।

नेपाल सरकारले यो सहयोग र साझेदारीपछि नेपाल र कोरियाबीचको मैत्रीपूर्ण सम्बन्ध अझ गाढा भएको जनाएको छ । नेपालका लागि कोरियाली राजदूत पार्क ते-योडले नयाँ अस्पताल सर्वसाधारणका लागि निकै उपयोगी हुने बताउँदै यस परियोजनालाई सफलतापूर्वक कार्यान्वयन गर्न सरकारका तर्फबाट पूर्ण सहयोगको अपेक्षा रहेको बताएका छन् ।

कोरिया नेपाली युवाको आकर्षक रोजगार गन्तव्यसमेत हो । कोरियाली भाषा परीक्षा पास गरेका हजारौं युवायुवतीहरू रोजगारीका लागि कोरिया जान प्रतिक्षारत रहेको अवस्था छ ।

संसदलाई चीनको ८ विद्युतीय गाडी उपहार

काठमाडौं । चीनले संसदलाई ३ वटा एसयूभी मोडलका र ५ वटा इ-६ मोडलका गरी ८ थान अत्याधुनिक विद्युतीय गाडी उपहारमा दिएको छ । यी गाडी पिपुल्स कांग्रेसका अध्यक्ष ली चाइसुले पठाएका हुन् ।

यी गाडीमा चाइना एड लेखिएकाले मेटेर पूर्व अध्यक्ष, केही नेता र वर्तमान अध्यक्षले सुविधामा पाउने तैयारी गरिएको छ ।

अचम्म त के छ भने यी गाडीको चार्जर चीनले दिएन । चार्जर स्टेशनका लागि ५० लाख बजेट मारने तैयारी छ । राजधानीमा चार्ज गर्न सकिन्छ, राजधानी बाहिर जाँदा कसरी चार्ज गर्ने ? *इन्धनमा अनियमितता हुँदा यी गाडीले तेल खाला कि नखाला ?*

संघीयता कि सेना ?

काठमाडौं । संघीयता भार भएको सबैलाई थाहा छ । भ्रष्टाचार बढेर विकास हुन नसकेको पनि प्रष्टै छ । तर कतिपय सांसदको आँखा सेनामा परेको छ, संख्या कटौती गर्नुपर्ने आवाज उठाएका छन् ।

आखिर किन सेनामाथि कर्के नजर ?

सेनाले खर्च बढाएको हो र ? सेनाले त देशभित्र लगाएको विकास निर्माण गरेकै छ, शान्ति सेनामा गएर कमाएको पैसाले कल्याणकारी कोष चलाएकै छ । फेरि यिनलाई सेना घाँडो हुनु, संघीयता र सांसदको संख्या, तिनले पाउने तलव, भत्ता कटौतीमात्र होइन, विधि बनाउनेले बजेट बोकेर ठेकेदार बन्ने विषय किन बिर्भिको छैन । के यी सांसद नेपाल र नेपालीकै लागि त हुन् ? खर्च कटौती गर्न, सेवामुखी प्रशासन चलाउन, मितव्ययिता अपनाउन सकिन्छ । भ्रष्टाचार नियन्त्रण गर्न सकिन्छ । सेना युद्धका लागि मात्र चाहिने हो र ? जनयुद्ध बेहोरेको, १२६ जातिको सन्तुलन मिलाउन, संस्थागत रूपमा एकता कायम गराउन, धार्मिक र जातीय सन्तुलनका लागि समेत सेनाको आवश्यकता छ । नेपालको भौगोलिक बनावट जटिल छ, आन्तरिक सुरक्षाकै लागि समेत सेना चाहिन्छ । सेना जति सुदृढ र सुरक्षित हुन्छ, देश सुरक्षित हुनसक्छ ।

सेनाको कटौतीको आवाज अरूले उठाउन लगाएको बुझ्न सकिन्छ । सेना देशका लागि भार बनेकै छैन । देशका लागि उपयोगी काम बढी गरेको छ । सेनाले त अस्थायी हजारौं युवालाई भर्ती गरेर, सक्षम बनाएर विश्वशान्ति र अन्य कार्यमा लगाउन समेत सक्छ । आवश्यक नपरेका बेलामा तिनीहरूलाई सजिलै हटाउन पनि सकिन्छ ।

प्रेम सिंह बस्न्यातद्वारा खुलासा

नेपाल–अंग्रेज युद्धको इतिहास

Had Nepal done mistaken at the Anglo – Nepal War M 1814–16 .

प्राय: जसो हाम्रा ईतिहासहरूमा हामीले विदेसीसँग भएका लडाईहरूमा हाम्रो जित नभएर पनि हार स्विकार गरेका छैनौ । अनी विभिन्न बाहाना बनाएर सहानाभुति बटुलेर लडाईं लाई 'कठैबरा' भन्ने भावना मा पुर्याउँछौ । अनी हामी पानीको मुहान थुनेका कुरा, अरिंगाल र वच्छयु अनी गाई–भैंसी लड़ाएका कुरा पनि थपी हाल्छौं ।

तिब्बत– चिन– सिक्किम– पन्जाब– अङ्ग्रेज - मिर कासिम (मुघल सेना) सँग का युद्धमा भएका दुवै तर्फका कमजोरी लेख्न खोज्दैनौ । अरू त के ? अस्ती भएको श्री ५ को सरकार र माबोवादी बिचको युद्धको बारेमा नेपाल सरकारले २ शब्द लेखाएको छैन । खाली माओवादीहरूको एकोहोरो कहानी प्रकासित र एकोहोरो प्रचारबाजी भइरहेका छन् । नेपाली सेनाले समेत यस विषयमा कलम चलाएको थाहा छैन । सहि ईतिहास लेख्न ढिला नगरौ । ईतिहास भावी दिनका लागि शिक्षा पनि हो ।

नेपाल–अङ्ग्रेज युद्ध हुनुमा धेरै कारण र पृस्ठभुमि तयार थिए । त्यसमा कुनै शंका छैन । तर सुकेको पातमा कस्ले सलाई कोरेर लगाउने र डढेलो सुरू गर्ने भन्ने कुरोको पर्खाइमा थियो, त्यो अवस्था । अङ्ग्रेज पनि नेपाली माथि हमला गर्न डराएको अवस्था थियो । इतिहासको यथार्थ स्थिति यही नै हो ।

त्यही अवस्थामा नेपालका बालक राजा गिर्वाणयुद्धको हर्ताकर्ता जनरल भई भीमसेन थापा ले प्रसासनिक बागडोर सम्हाले । उनलाई बलियो साथ बाउ राजा रण बहादुरले दिएका थिए । भिमसेन थापा तुरून्तै पाल्पाली राजा पृथ्वी पाल सेन र राजाकुमार बहादुर शाहलाई मार्ने मराउने काममा बाउ राजा रण बहादुर शाहसँग मिलेर सफल बन्छन् ।

पिता काजी अमर सिंह थापालाई पनि नेपालका पहिलो जर्नेल भीमसेन थापाले जर्नेल दर्जा दिएर मारियाका पाल्पाली राजाको राज्य कब्जा गर्न पठाउछन् । पाल्पा राज्य बिना लडाईं कब्जा भय पछी तराइमा भएको बुटवल र शिवराज अर्थात् स्युराज (कपिलबस्तु) पनि जर्नेल अमर सिंह कब्जा गर्न जान्छन् । यो जग्गा लखनौको नवाबको रहेको तर पाल्पाली राजाले कमाइ खायको भन्ने थियो । पाल्पाबाट नेपाल सरकारले लिय पछी सो जग्गा अङ्ग्रेजको भइसकेको थियो । त्यहा अङ्ग्रेज चौकिदार थिए । तर नेपालले सो जग्गा आफ्नो भएको जिकिर गऱ्यो ।

नेपालले सो जग्गा नेपालको भएको दावी गरी जनरल अमर सिंहले सेना लगाएर बुटवल र शिवराजमा भएका अङ्ग्रेजका चौकिदारहरू लखेटी नेपाली चौकिदार राखे । ती जग्गामा अमर सिंहले कब्जा जमाए ।

त्यो कुरा थाहा पाए पछी फेरी अङ्ग्रेजका प्रशासनले नेपाली चौकिदार उठाइ अङ्ग्रेज कै चौकीदार राख्न सफल भए । यो बिचमा अङ्ग्रेजले सो जग्गा विवादमा छलफल गर्न पनि पत्रचार गरेको थियो, नेपाल सरकार सँग ।

अङ्ग्रेजले नेपाली चौकी उठाएको खबर पाउन साथ जनरल भीमसेन थापाको आदेश लिएर जनरल अमर सिंह थापा आफै बुटवोल–स्युराज पुगी अङ्ग्रेजका चौकी माथि हमला गराउन लगाए । अनी १८ जना अङ्ग्रेजका सुरक्षाकर्मी मारिए ।

यो खबर कलकत्ता पुगे पछी अङ्ग्रेजले १ नोभेम्बर १८१४ बाट नेपाल बिरूद्ध विधिवत् युद्ध गर्ने घोषणा गऱ्यो ।

यहाँ मुल्याङ्कन गर्न खोजिएको कुरो के हो भने वारूदमा आगो लगाउने अर्थात् Immediate Cause को जिम्मा नेपालले लिने कि न लिने त ? ईतिहास सत्यतामा आधारित् हुनैपर्छ । युद्धअघिको इतिहासको पाटो यही हो ।

जनरल भीमसेन थापा र जनरल अमर सिंह थापाका उच्च देशभक्तीले यो काम गरे । तर हामीले पहिला १८ जना नमारेको भए सो युद्ध नटरे पनि केही वर्ष पछाडि धकेलिन अवश्य सक्थ्यो । युद्धको बेला नेपालको आर्थिक र सैनिक अवस्था ठीक नभएकोले हाम्रा सैनिक भार्दारहरूमा ९९ प्रतिसतले सो युद्ध नलढ्न र वार्तावाट समस्या समाधान गर्न भनेका थिए । तर आदेशको जवाफ थिएन । युद्ध भयो । हारियो । ग्रेटर नेपालमा आधा नेपाल बच्यो ।

यो ईतिहास हो । करीब २९० वर्ष पछी अहिले यो र त्यो बदमास् भन्यो भने अवश्य पाप लाग्नेछ । सब काम देशभक्तिले नै भएका थिए । तर हामीले ईतिहासको सही लेखन गर्नैपर्छ । त्यो हाम्रो धर्म हो ।

अमेरिकी स.मन्त्रीको भ्रमणपछिका तरङ्गहरू

डा. केशव देवकोटा

अमेरिकाका दक्षिण तथा मध्यएशिया हेर्ने सहायक विदेशमन्त्री डोनाल्ड लु गत असार २९ मा एकदिने नेपाल भ्रमण सकेर स्वदेश फर्किसक्नु भएको छ । उहाँको भ्रमण पकटरूपमा एमसीसीको कार्यान्वयनसँग सम्बन्धित रहेको भनिएपनि भ्रमणका पछाडि विविध र महत्वपूर्ण भित्री कारणहरू देखिन्छन् । सबैभन्दा महत्वपूर्ण कारण नेपालमा भैरहेको अमेरिकाको अप्रत्यक्ष प्रभाव हो । ०७८ फागुन १५ गते नेपालको संसदबाट एमसीसी अनुमोदन भएको थियो । उक्त अनुमोदन कुन, कुन पार्टीका कतिजना सांसदले हस्ताक्षर गरेर भएको हो भन्ने कुरा हालसम्म कसैले बताउन सकिरहेका छैनन् । खासमा एमसीसीमा कसैको पनि सहमति थिएन । सबैको सहमति देखियो । निहित स्वार्थलेगर्दा ठूला पार्टीका ठूला नेताहरूले बिमति पनि जनाउन सकेनन् । त्यसदिन एमसीसीसँगै पारित गरिएको भनिएको १२ बुँदे व्याख्यात्मक घोषणाको हालसम्म न त अमेरिकाले स्वीकार/अस्वीकार गरेको छ, न त्यसका प्रस्तावक/प्रवन्धक हालका प्रधानमन्त्रि पुष्पकमल दाहालले चासो राख्नुभएको छ । उहाँको विचारमा एमसीसी पारित भएको घोषणा गराउने काम फत्ते भयो, सिद्धियो । अन्यथा उहाँले ०७८ फागुन यता नेपाल आएका अमेरिकीहरूलाई त्यसबारे किन सोध्नु भएन ?

भदौवाट एमसीसीको औपचारिक कार्यान्वयन थालिने भनिएको छ । जसको उद्घाटनका लागि अमेरिकाका महत्वपूर्ण व्यक्तित्व आउने कुराको घोषणा भैसकेको छ । हालसम्म एमसीसीका लागि दिने भनिएको ५० करोड अमेरिकी डलर अर्थात करिब ६० अर्ब आउनै छ । तर नेपालले खर्चगर्ने भनिएको १३ करोड डलर अर्थात करिब १७ अर्ब खर्च भैसकेको छ । अझ नपुगेर नेपालले दुई/चार अर्ब बढी खर्च गरेको र अझै पनि एमसीसीका लागि ठूलै रकम खर्चनु पर्ने अवस्था रहेको भनिदैछ । १७ खर्ब वार्षिक बजेट (त्यो पनि विदेशी ऋणमा आधारित) सार्वजनिक गरेको नेपालको ऋणमात्र २२ खर्वभन्दा बढी छ । १७ खर्वको वार्षिक बजेटमा पनि अधिकांश योजना र बजेट प्रधानमन्त्रि दाहाल, नेकांका सभापति शेरबहादुर देउवा र अर्थमन्त्रि डा. प्रकाशशरण महतको निर्वाचन क्षेत्रमा केन्द्रित गरेकोभन्दै संसदमा विरोध जारी छ । जबरजस्त सत्ता गठवन्धनको जोडबल लगाएर संसदबाट बहुमतका आधारमा पारित गरिएपनि आब ०८०/८१ को बजेट सहजै कार्यान्वयन हुने संभावना छैन । जसलाई वर्तमान सत्ता गठवन्धनले आफ्नो कुर्सी टिकाउन प्रयोगगर्ने र रकमान्तरको हतियार बढी प्रयोग गरिने संभावना छ । यस्तो अवस्थामा अमेरिकाले नेपाललाई एमसीसीको अनुदानको भारी बोकाएर छचक्क बसाउने र त्यसमाथि आफू घोडा चड्ने प्रयास गरेको बताइन्छ । जसका लागि उसले देशको शासन सत्तामा हस्तक्षेप शुरू गरिसकेको छभने अब एमसीसी कार्यान्वयनको अर्को नाटक मञ्चनको तयारी भैरहेको छ । यो एमसीसी अमेरिकाको बहानामात्र हो । यसमार्फत उसले नेपालको शासन प्रशासनमा आफ्नो हात माथि पार्ने र भारतको साथ लिएर चीनलाई दुर्खादिने प्रयास गरेको चीनविज्ञको विश्लेषण भइरहेको छ । किनकी एमसीसीका प्रावधानहरूले नै उपरोक्त कुराको पुष्टि गरेका छन् । नेपाललाई एमसीसीमा फसाउनेमा तीनजना नेताहरू माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, एमालेका अध्यक्ष केपी ओली र नेकांका सभापति शेरबहादुर देउवाको मुख्य हात रहेको छ । त्यसैले असार २९ गते नेपाल भ्रमणमा आउनु भएका अमेरिकी उपमन्त्रि लुले पनि उहाँहरूलाई मात्र भेटेर एमसीसी पारित गराउन भूमिका निर्वाह गरिदिएकोमा कृतज्ञता व्यक्त गर्नुभएको थियो । तर अमेरिकाले एमसीसीमार्फत जसरी नेपालमा खेलेर चीन विरूद्ध आफ्नो अभिष्ट साधनागर्ने प्रयास गरिरहेको छ, त्यो उसका लागि धेरै महँगो पर्ने देखिएको छ । यस सन्दर्भमा म कुनैबेला नेपालका लागि ***अमेरिकी राजदूत हुनुभएकी जुलिया चाङ ब्लकले ०७३/०३/१८ मा रियल खबर डटकम***लाई दिएको एक अन्तर्वार्तामा केही अंशहरूलाई संझन्छु । जहाँ उहाँले 'जबसम्म नेपालको अर्को छेउमा चीन रहिरहन्छ, तबसम्म नेपाल स्वतन्त्र नै रहन्छ' भन्नुभएको थियो । त्यसैगरी उहाँले सो अन्तर्वार्तामा 'नेपालको सामाजिक, आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा भारतकै प्रभाव बढी भएपछि उपस्थिति र भूमीका पनि सोहीअनुसार हुने भयो । राज्य र राष्ट्रियताप्रति राजनीतिक नेतृत्व बढी जिम्मेवार हुने होभने भारतीय हस्तक्षेपको समस्या बिस्तारै हराएर जान्छ ।' उहाँले सो अन्तर्वार्तामा नेपालप्रति चीनको इन्ट्रेष्ट भारतकोभन्दा भिन्न रहेको बताउँदै चीनको प्राइमरी इन्ट्रेष्ट नेपाल वफर जोन रहिरहोस भन्ने हो । चीनलाई नेपालको आर्थिक विकाससँग खासै लेनादेना छैन भन्नुभएको थियो ।

आज आएर हेर्दा उहाँको त्यो विश्लेषण सही साबित भएझैं देखिन्छन् । नेपालका हालका पुष्पकमल दाहाल लगायतका शासकहरूले एकातिर भित्रीभैत्रे नेपालको परराष्ट्र, आन्तरिक श्रोत र सुरक्षा भारतले हेर्नेगरी अनौपचारिक सहमति गरेको देखिएको छभने अर्कोतिर नेपालमा भारतीय हस्तक्षेपलाई बलियो बनाउनका लागि नेपालको हरक्षेत्र भारत निर्भर बनाउँदै लगेको पनि देखिएको छ । हुँदाहुँदा हालै नेपालका प्रधानमन्त्रि र राष्ट्रपतिको चालबाजीवाट झण्डै डेड करोड भारतीयलाई नेपाली नागरिक बनाउने काम भएको छ । विवादास्पद नागरिकता ऐन पारित भएपछि नेपालको तराईका जिल्ला प्रशासन कार्यालयहरू नक्कली नागरिकको चापले तवाह भएका छन्भने सीमापारी नेपाली नागरिकताको बजार लागेका समाचारहरू निरन्तर आइरहेका छन् । १० दलीय सत्ता गठवन्धन भित्रवाट भारत पक्षीयहरूको मात्र समाजवादी मोर्चा बनाइएको छ । सो मोर्चामा सामेल नेत्रविक्रम चन्द नेतृत्वको नेकपाले हालसम्म पनि व्यक्तिको जग्गा र सम्पति कब्जागर्ने अभियान छाडेको छैन । अब समाजवादी मोर्चामा आवद्ध भएको नातालै त्यसको जिम्मेवारी एकीकृत समाजवादी लगायतका अन्य पार्टीले पनि लिनुपर्ने अवस्था छ । माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्रि दाहालले आगामी सेप्टेम्वरमा छिमेकी चीनको भ्रमणगर्ने चाहना राख्नुभएको छ । जसका लागि दुवै देशका अधिकारीहरू एजेण्डामा सहमति गराउने प्रयासमा रहेको बुझिएको छ । शुरूदेखि नै चीनसँग राय बझाउँदै र चीनको विआरआई परियाजना प्रति इन्कारी व्यक्तगर्दै आएको नेपाली कांग्रेसका नेता तथा परराष्ट्रमन्त्रि एनपी साउदले हालैका दिनमा आएर सो परियोजनाबारे छलफल भैरहेको बताउन थाल्नुभएको छ । करिव चार महिनाको अन्तरमा संझौता गरिएको एमसीसी र विआरआई दुवै परियोजना नेपालमा कार्यान्वयनको चरणमा रहेका छन् । अमेरिकाले एमसीसी आगामी भदौवाट कार्यान्वयनगर्ने तयारी छ भने चीनले पोखरा विमानस्थलको निर्माणलाई विआरआई परियोजनासँग जोडेर कार्यान्वयन शुरू भैसकेको आशय व्यक्त गरेको छ । यस्तो अवस्थामा नेपालका प्रम दाहालको आगामी सेप्टेम्वरमा चीन भ्रमण हुनुभनेको विआरआई परियोजना स्वीकार्न वाध्य हुनु हो ।

कतिपयले अमेरिका र चीनका बीचमा टकराव गराएर नेपालमा भारतीय नीति हावि गराउने प्रयास गरेका पनि हुनसक्छन् । हाल नेपालको राष्ट्रवादी र देशभक्त शक्ति चीनको पक्षमा रहेका कारण नेपालको भूमी प्रयोग गरेर नाजायज फाइदा लिन चाहानेहरू असफल हुने कुरामा सन्देह गर्ने ठाउँ छैन । खासगरी ०६३ को परिवर्तनपछि सत्ता र शक्तिमा आएकाहरूले नेपाललाई असंलग्न परराष्ट्र नीतिवाट च्युत गराउने प्रयास गरिरहेको खुल्दै गएको छ । माओवादी केन्द्रका महासचिव देव गुरूङलेसमेत गतसाता बिहीबार भक्तपुरमा आयोजित एक कार्यक्रममा नेपालको असंलग्न परराष्ट्र नीति कमजोर बन्दैगइरहेको बताउनु भएको थियो । असार २८ गते भक्तपुरमा आयोजित चिनियाँ कम्युनिष्ट पार्टी अन्तर्राष्ट्रिय विभागको नेपाल–चीन रेशमी सहकार्य, समुन्नत भविष्यका लागि सहयात्रा कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले उपरोक्त कुरा बताउनु भएको हो । महासचिव गुरूङले राष्ट्र, देश र जनताको स्वार्थभन्दा पनि नेता, दलहरूको स्वार्थमा बढी केन्द्रितहुँदा असंलग्न परराष्ट्र नीति कमजोर बन्दैगएको भन्नुभएको थियो । उहाँले पछिल्लो समयमा नेपालको पञ्चशीलको सिद्धान्त कमजोर बन्दैगइरहेको, स्वतन्त्र परराष्ट्र नीति कमजोर भएको पनि बताउनु भयो । उहाँले कुनै न कुनै दवाव र प्रभावमा पर्दैजाने स्थितिले असंलग्न आन्दोलनलाई अघिबढाउनुको सट्टामा पक्षधरता बन्ने ढंगको प्रवृत्ति बढ्दै गइरहेको खुलाशा पनि गर्नुभयो । हाल नेपालको मुख्य समस्यानै विदेशी हस्तक्षेप हो । हस्तक्षेपका लागि विभिन्न मुलुकभन्दा पनि नेपाली नेताहरू जिम्मेवार छन् । यो अवस्थामा बीआरआई, एमसीसी परियोजनावाट देश फस्ला कि फस्टाउला ? हाम्रा नेताहरूले यस्ता योजनाका विषयमा के कस्ता निर्णय गर्ने हुन्, त्यो प्रतिक्षाको विषय हो ।

सामाजिक दायित्व निभाउँदै सशक्तिकरण हुँदैछ : साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.

साल्ट ट्रेडिङ्गको उद्देश्य भनेकै समाजमैत्री व्यापार हो । १९६३ मा नुनको सहज आपूर्तिका लागि स्थापित यो संस्थाले आज चिनी, गहुँ, चामल, तेल, अन्य खाद्य सामग्रीका साथ चिया, एलपी ग्यास, कागज, मल, कोइला र सवारी साधनका टायरको समेत सहज आपूर्ति व्यवस्थापन गरिरहेको छ । यद्यपि वेला वेलामा सरकारी निकायबाट हस्तक्षेप हुने गरे पनि औचित्यका आधारमा साल्ट ट्रेडिङ्गले गुणस्तरीय खाद्य र अनय वस्तुको उद्देश्यअनुरूपको आपूर्ति नीतिमा अडिग रहेको देखिन्छ ।

यति ठूलो संस्थामा ससाना कमजोरी देखिन सक्छन्, त्यो सुधार हुँदा हुँदै तीललाई पहाड बनाएर संस्थालाई नै असफल पार्ने बाह्य अभिष्ठहरू वेला वेलामा देखिन्छन् ।

साल्ट ट्रेडिङ्ग कति आवश्यक छ भन्ने कुरा पर्व पर्वमा खोलिने सुलभ वजारमात्र होइन, नाकाबन्दी र कोभिडका समयमा यो संस्थाले नुन, चिनी, मल, ग्यास, गेडागुडी र अन्य खाद्यसामग्रीको आपूर्तिमा पुऱ्याएको सेवा प्रशंसनीय छ । यसवाट थाहा हुन्छ, यो संस्था जति संस्थागत रूपमा बलियो भयो, त्यति आमनागरिकका लागि लाभकारी छ । प्राकृतिक प्रकोप, अन्य कारणले कहिले कहिले जिल्ला जिल्लामा हुनुपर्ने आपूर्तिमा केही ढिलासुस्ती भएको देखिन्छ तर सकभर साल्ट ट्रेडिङ्गको व्यवस्थापनले आफ्नो कर्तव्यलाई पूरा गर्ने प्रयास गरेको देखिन्छ ।

यो संस्थालाई असफल पार्न यो संस्थाका उत्पादनमा नक्कली लोगो प्रयोग गरेर, अनधिकृत रूपमा उत्पादन गरेर बजार हडप्ने प्रयास पनि हुने गरेका छन् । सरकारी निकायबाटै त्यस्ता कालाव्यापारीलाई छुट दिनु, कानुन अनुसार कारवाही नगर्नुले संस्थामाथि आघात पुग्ने गरेको छ । तालुकदार मन्त्रालयले संस्थाको थप सुधार र संस्थामाथि आघात पुऱ्याउनेमाथि निगरानी र कारवाही नगर्नु उदेकपूर्ण घटना हो ।

साल्ट ट्रेडिङ्गले खाद्यवस्तु अथवा आफूले बेच्ने अन्य वस्तुको गुणस्तरमा ध्यान दिने गरेको छ । संस्था र संस्थाको व्यवस्थापनलाई धुमिल पार्नु उचित देखिदैन ।

'घूस नलिने र नदिने' विकासका बाधक

बैकुण्ठ भण्डारी

राष्ट्र निर्माता पृथ्वीनारायण शाहको दिव्योपदेश छ- 'घूप लिन्या र दिन्या दुवै राष्ट्रका शत्रु हुन्' । करीव दुई सय पचास वर्ष अघितिर बोलेका यी कुरा अहिले ठ्याक्कै उल्टो भएको छ । 'घुस नलिने र घुस नदिने दुवै विकासका वाधक हुन्' ।

नागरिकता बनाउनेदेखि सिफारिस लिन पनि घुस नख्वाई त हुँदै हुँदैन । तपाई सरकारी अड्डामा जानु भएको छ भने तपाईले भोग्नु भएकै होला तपाईको काम सरकारले तोकेको कागज प्रक्रिया पुऱ्याउँदा पनि हुन मुश्किल छ ।

ठूला घरे कान्छो, बाउको नामबाट जग्गा नामसारी गर्न मालपोत गा'को । मालपोतको ढोकैमा बसेको लेखनदासले च्याप्प समाते अनि भने के काम हो ?

ठूलाघरे कान्छो अचम्म पर्छ । र भन्छ, हाकिम भेट्न आको ?

हाकिम भेट्न आको भेट्नुस भेट्नुस् । लेखनदासले अनुहार विगार्दै भन्छ ।

किन हाकिम साप, हुनुहुन्न र ?

हुनुहुन्छ होला ? हाम्लाई के थाहा ? तपाईको हाकिम । फरक्क फर्केको लेखनदास अघि कान्छो एकटकले हेर्छ । मालपोत कार्यालयका भित्तामा टाँसिएका बडापत्र पढ्छ । 'म भ्रष्टाचार गर्दिन, म भ्रष्टाचार हुन दिन्न' । कान्छो दङ्ग पर्छ, जे होस अब भने देशमा गणतन्त्र आएछ । कम्तिमा भ्रष्टाचार गर्दिन गर्न दिन्न भन्ने त भएछ । मनमनै सोच्दै भित्र पसेको कान्छो दुई पन्ने कागज तेर्साउँदै फलामे झ्यालबाट सोध्छ । सर निवेदन कता पेश गर्ने होला ? भित्रबाट हेर्दै नहेरी उत्तर आउँछ । पल्लो कोठामा जानुस् ।

पल्लो कोठाको उस्तै फलामे झ्यालमा पुगेर दाहिने हात भित्र छिराउँदै कागजको निवेदन देखाउँदै कान्छो सोध्छ, सर नमस्कार । उताबाट उत्तर आउँदैन । विचरा झ्यालभित्रका कर्मचारी कम्प्यूटरमा व्यस्त छन् । फेसवुकमा च्याट गरिरहेका छन् । वेला वेलामा युट्युव र इन्स्ट्राग्राम पनि हेर्दै छन् । कान्छोको निवेदन हेर्ने फुर्सद हुँदैन ?

जेठको महिनाभित्र पंखा मज्जाले घुमिरहेको छ । तर बाहिर घेरै वेर हात भित्रै छिराएर उभिरहेको कान्छोको निधारबाट नुनिलो पसिना बगेको छ । न निवेदन हेर्छ, न जवाफ आउँछ ।

तर पनि कान्छोले कुनै हैरानी खेपेको छैन । सरकारी काम कहिले जाला घाम भन्ने उक्ति उसको मनमा छ । त्यसैले होला, विचरा कुन्नि के के को दाग भएको सेतो रङ्गले पोतिएको भित्तामा देवे कुम अड्याएर उभिरहन्छ, भित्रबाट कुनै जवाफ आउला कि भनेर ! बाहिर मान्छेहरू ओहोर दोहोर गरिरहेका छन् । तर झ्यालबाट फाइल बुझाउने कमै छन् । केही मानिसहरू मस्तसँग गफ चुटिरहेका छन् । 'साला' कहिल्यै नबन्ने भो यो देश । माल हात नपारे त कामै गर्दैनन् यार । सिस्टम सिस्टम भन्छन्, यिनीहरूको सिस्टम भनेको फर्मुला बुझ्नै गाह्रो । के भनेको, के भनेको !

तल भेटेको लेखनदास दुईचार वटा फाइल वोकेर आईरहेको छ । कान्छोलाई देख्छ र भन्छ, भेट्नु भो हाकिम सापलाई ? ऊ त्यो पल्लो कोठा हो हाकिम सापको ! नदेखेको भए मैले देखाईदिए, मुस्कुराउँदै ढोकाबाट लेखनदास पंखाको हावा खाँदै कम्प्युटरमा 'च्याट' गरिरहेका कर्मचारीका पुरुष । त्यतिञ्जेलसम्म पनि कान्छोको हात भित्रै छ । ती कर्मचारीले कान्छोलाई वास्तै गर्दैनन् । लेखनदासको फाइल हेर्दै नहेरी कुन्नी के लेख्छन् र सहि गर्छन् । भरे भेटौला भन्दै लेखनदास बाहिर निस्कन्छ । ठूला घरे कान्छो ठूला ठूला कुरा सुनेको थियो, म भ्रष्टाचार गर्दिन र भ्रष्टाचार हुन दिन्न कण्ठै पारेको थियो । तर उसैको काम सेतो सर्ट लगाउनेले गर्दिएन, निवेदन नै हेर्दिएन । कान्छोले विचार गऱ्यो, यो त अति भो म नियममा बस्नेको निवेदन पनि नहेर्ने लेखनदासको काम सक्ने ? हाकिम कै मा जान्छु । काठको बोर्डमा प्रमुखको नामअगाडि बाहिर लेखिएको देख्छ ।

यति भएपछि कान्छो त्यही ढोकाबाट यसो मुण्टो भित्र छिराउँछ । कुर्सीमा त हाकिम होइनन् मुख पुछ्ने रूमाल मात्र छ । सोफामा बसेका केही व्यक्ति देश बनाउँछु भनेर चुनाउ जितेका नेता जस्तै कुरा गरिरहेका छन् । कान्छो जस्ता साधारण सेवाग्राही ढोकामा हाकिम कुरेर बसिरहन्छन् । 'सिस्टम' मिलाएर फाइल लिएर आएका व्यक्तिहरू फटाफट ढोकाको कुनाबाट मुस्कुराउँदै निस्कन्छन् ।

ठूला घरे कान्छोको मनमा खल्दली हुन्छ । कतै हाकिम ढोको छिड्की पारेर बसेका त छैनन् । जे पर्ला पर्ला पनि छिर्छु भन्दै फाइल वोकेर छिर्छ । हाकिमसाप दुइचार जना चिचौलियासँग निकै ठट्टिएर पो बसेका रहेछन् । कान्छोले निर्भिक भएर सोध्यो ? हाकिम साप को हुनुहुन्छ ? उपरखुट्टि लगाएर बसेकाले सोधे ? किन के गर्नु पऱ्यो ?

कान्छोले सानले सोध्यो हाकिम बाहिर भनेर लेखिएको छ । त्यसैले सोधको । ती भलादमीले भने हाकिम मै हुँ । के पऱ्यो भन्नुस् ? के पऱ्यो हगेटमा भ्रष्टाचार विरोधी नारा टाँस्ने अनि काम विचौलिया राखेर गराउने ? कर्मचारी सेटिङ्गमा काम गर्ने अनि भित्र बसेर, सेवाग्राहीलाई झुक्याउने ?

हाकिमसँग बसेको व्यक्तिले कान्छोलाई भन्छ- 'तपाईको काम के हो भन्नुस्न, मालपोतमा सिंधै काम हुन्छ ? तल जानुस् लेखनदाससँग प्रकृया मिलाएर आउनुस ?

कान्छो पनि के कम ठाडो स्वरमा भन्छन्, कहाँ के गर्ने पर्छ भन्ने कुरा मलाई थाहा छ । तपाईलाई त्यही लेखनदास र यहाँ आउने विचौलियासँग समन्वय गराउने लाज छैन । सरकारले तलव दिएको यही विचौलियासँग मिल्न हो ?

कान्छोको प्रश्नले हाकिम अलि हच्किन्छन्, ल भैगो धेरै कुरा नगर्नुस् काम के पऱ्यो भन्नुस् । यो एउटा निवेदन दर्ता गरी प्रक्रियामा काम गर्न खोज्दा तपाईका कुनै पनि कर्मचारीले सही कुरा बताएनन् । यो कोठाबाट त्यो कोठा त्यो कोठाबाट तल विचौलिया । तपाई आफै दलालसँग मस्त ! सेवाग्राहीको काम कसरी वन्छ ? तलव खाएर पनि भ्रष्टाचार ! सेतो कपडाको साख जोगाउनु पर्नेमा अत्याचार ।

हाकिमलाई अलि पारा चलेछ क्यार ! कान्छोलाई हकार्न खोजे- सबै एउटै हुँदैनन बुझ्नु भो ? कान्छोले पनि हकाऱ्यो- जसका कारण तलव खाईरहनु भएको छ त्यही जनतालाई सास्ती ? अब सहिन्न । सरकारी तलव, भत्ता, सवारी साधन आवश्यक सबै सेवा सुविधा सरकारी त्यसमाथि पाइलै पिच्छे घूस । खाऊ खाऊ कमिशनले देश बर्वाद बनाउ ।

सबै अवाक्क !

हाइकूसङ्ग्रह: पग्लिएको धर्ती

-अरूणबहादुर खत्री "नदी"

साहित्यकार विजयराज आचार्यको पग्लिएको धर्ती नामक हाइकूसङ्ग्रह चित्ताकर्षक छ । यस हाइकूसङ्ग्रहभित्र दुईसय साठीवटा हाइकूहरू राखिएका छन् । पाँच सात पाँच अक्षरको हाइकू लेख्न उनी खप्पिस छन् । विजयराज साहित्याकाशमा चम्किरहेका छन् । प्रस्तुत कृतिका हाइकूहरू भिन्न भिन्न स्वाद दिने भएकाले एक प्रकारको चटपटेको स्वाद लिन सकिन्छ । हाइकूका प्रत्येक तीन लाइनले फरक भाव र अर्थ दिने हुँदा तीनै लाइन यथार्थमा पुर्ण हुन्छन् । यसकारण भन्न सकिन्छ हाइकू कृतिमा कृतिगत कथानक पाउन सकिन्छ । उनी हाइकू लेख्ने एक अब्बल सर्जक हुन् ।



जापान देश
विकासको चुलीमा
औंलाको देन ।

नेपाली साहित्यमा हाइकू लेखन झण्डै झण्डै ६० वर्षको हाराहारीमा पुगे तापनि जति हाइकूहरू फल्नु, फुल्नु र सुगन्ध दिनु पर्ने हो त्यति हुन सकेको छैन । यसो हुनुका कारण पनि पछिल्लो पुस्ताहरूले मात्र यसलाई आत्मसाथ गरेको र अग्रजहरूले खासै कलम नचलाएरै हो । जापानीहरू हाइकुमा प्रकृतिको वर्णन गर्छन् । प्राकृतिक बिम्बको मिठासपूर्ण प्रयोगले हाइकू प्रभावकारी हुन्छ भन्ने मान्यता छ । यात्रामा हाइकूको बिम्ब खोज्ने र लेख्ने चलन जापानमा माचुओ बाशोले बसाएका हुन् । उनी दुःखका कथा सुनाउँदा प्राकृतिक बिम्बको साहारा लिन्छन् । यस्ता बिम्ब यो कृतिमा भेटिन्छ ।

मरिगो भैंसी
रित्याउँदै भकारी
गिद्धको भोज ।

विजयराजका हाइकूमा मीठो स्वाद लिन सकिन्छ । उनका हाइकूहरू सबै पाठकवर्गले पढिदिने छन् । उनी हाइकूमा रूचि राख्छन् । प्रकृतिसँग सम्बन्धित विषयका उनले लेखेका हाइकूमा भने स्थानीय रङ पाइन्छ । आफू घुमेका स्थानसँग सम्बन्धित हाइकू पनि छन् तर त्यस्ता हाइकूमा पनि व्यङ्ग्य चेतना प्रबल देखिन्छ । हाइकूमा कतिपय नेपाली शब्द आँचलिक रूपका छन् । कतिपय स्थान विशेषका विशिष्ट पहिचान दिने खालका पनि छन् ।

निर्मला पन्त
बलात्कार पीडाले
मरिन बरा ।

जापान भ्रमणबाट उनी अत्यधिक प्रभावित भएका छन् । साहित्यको माध्यमबाट सामाजिक सचेतनामा जागरण थप्ने चलन विश्वव्यापी चल्दै आएको छ । जापानमा पनि सुरूवातदेखि नै सामाजिक कुरीति, विकृति र विसङ्गतिप्रति हाइकूको माध्यमबाट कसिलो व्यङ्ग्य प्रहार गर्ने गरिन्थ्यो । हाल पनि यो पद्धति चल्दै आएको छ । विजयराजले आफ्नोपन गाउले, परिवेश र पहिचानप्रति सशक्त रूपमा गर्व गरेका छन् । नेपालीपन र नेपाली माटोमा जिउनुमा आत्मसन्तुष्टि र घमण्ड प्रकट गरेका छन् ।

पग्लियो धर्ती
पग्लिएन शासक
हिरोसिमामा ।

यस कृतिमार्फत् कवि विजयराजले आफ्नो जवानीतिर पनि फर्केर हेर्ने कोसिस गरेका छन् । हेर्दा निकै भद्र र शालिन मुद्रामा देखिने कविले घुमाउरो भाषामा अझैं पनि आफु जवान रहेको सङ्केत हाइकूमा दिएका छन् । साधना गरेर लेखिएका उनका हाइकू अब्बल छन् र हाइकू पढ्दा मज्जा आउँछ । विजयराज हाइकू मार्फत् प्रकृतिमा गहिरिन सक्छन् ।

गौतम बुद्ध
फैलिए संसारमा
जन्म लुम्बिनी ।

जिल्दैन मान्छे
युद्ध र झगडाले
जित्छ विवेक ।

हार्दिक बधाई ।

मुक्तकका प्रयासहरू : अहिले पनि ऊ बेलाको कहानी ताजै छ

न्याय खेलाएर दाममा रमाउनेहरूबाट के आशा गर्ने
न्यायको दाउ कुठाममा खेलाउनेहरूबाट के आशा गर्ने
ती सबै पैसामा पट्टिएका र ऐसमा मात्तिएका कीर्नाहरू
पद पाएर मदमा लट्टीनेहरूबाट के आशा गर्ने ?

- ज्ञान उदास

फेसबुके ठुटेनेता वाद विवादमा दिन काट्छन्
उता ठूला नेताहरू भित्र भित्रै कुर्सी साट्छन्
के देलान् र के नै पाउँला भन्नेलाई गाह्रो हजुर
पद पाउने आसले होला तिनकै तलुवा चाट्छन् ।

- विद्या भण्डारी

अहिले पनि ऊ बेलाको कहानी ताजै छ
मायालु सँग गरेका मनोमानी ताजै छ
मलाई उमेर ढल्केछ भनेर नसम्झनु है
पहाडी छाड्गो जस्तो जवानी ताजै छ ।

- लक्ष्मी नेपाल

नदेऊ माया नमाग हात छुनै नमिल्ने भयो
धेरै गर्छन् यहाँ पक्षपात छुनै नमिल्ने भयो
सम्बन्धमा दूरी कायम भएकै राम्रो छ प्यारा,
तिमी ठूलो म सानो जात छुनै नमिल्ने भयो ।

- माया उपाध्याय

छैन रोजगार छैन गाँसबास के गर्ने होला ?
त्यसैले कसैको भएन आस् के गर्ने होला ?
युवा विदेशीनु त वाध्यता हो रहर त थिएन,
युवा त फर्किन्छन् भएर लास के गर्ने होला ?

- विश्वनाथ श्रेष्ठ

जतिसुकै परिश्रम गरेर पनि केही भएन
खून पसिनाले घैलो भरेर पनि केही भएन
विद्वानकै पाउ पर्नु ठिक छ जस्तो लाग्यो
मुर्खहरूको शरणमा परेर पनि केही भएन ।

- सुमन शर्मा

घाँटी भरि माला थियो खै कस्ले उनेको ?
तिमीले लाएको स्वेटर मैले होइन बुनेको
जीवनसाथी रोज्ने रहर मेरो आफ्नै थियो
तिमीलाई मैले हैन हेर मेरो बाउले चुनेको ।

- पुष्पा केसी भण्डारी

हाम्रो यौटामित्र प्रायः जानेगर्छ दिल्ली
त्यहाँभने उसलाई ठान्ने गर्छन् सिल्ली
दिल्ली गई सिल्लीहुन नरूचाए हुन्थ्यो
सोच मित्र नत्रपछि होला चिल्लीबिल्ली ।

- मुक्तिनाथ शर्मा

साहित्यको तिर्खा मेट्ने धारा बन्न मन छ
समस्त पाठकको लागी रारा बन्न मन छ
म तृप्त छु अब जिन्दगीमा केही चाहिँदैन
कोही अँध्यारोमा नलडुन् तारा बन्न मन छ ।

- उषा के.सी.

मेरो सपनाहरू सबै चक्नाचुर भएर म रोएँ
आफ्नै दाजुभाइले साथ छोडी गएर म रोएँ
कस्तो हारेको कर्म रहेछ मेरो जिन्दगीमा
सबै इच्छाहरू खोसदा पनि सहेर म रोएँ ।

- प्रेम सुनार

गल्ती नदेखाई आफैं चोखिन खोज्नेलाई
अहँकारले चुलिएर पोखिन खोज्नेलाई,
कुन शब्दले सम्बोधन गर्ने ? खोज्नु छ मैले
तुलोमा आफैं बसी जोखिन खोज्नेलाई ।

- गीताश्री शर्मा, सिक्किम

तुच्छ व्यवहार गर्छन् आफू माथि परेको ठान्छन्
शिर पुरों भन्छन् खसेर पाउ सम्म जान्छन्
आडम्बरका भोगीहरूको चाल देख्दा लाग्छ अचेल
कसैले मान्छे मान्दैन आफै मपाई भएको मान्छन्

- चन्द्रकला आचार्य

*केही मुक्तकहरू संकलन गरेर पठाइदिन् भएकोमा **मुक्तकिला मित्रहरू** लाई हार्दिक धन्यवाद ।*

ज्ञानमणि नेपाल सम्मानित

काठमाडौं । लीलाध्वज थापाको १०३औं जन्म जयन्तिका अवसरमा इतिहासकार ज्ञानमणि नेपाल सम्मानित भएका छन् । लीलाध्वज थापा साहित्य प्रतिष्ठानको आयोजनामा यशस्वी कवि उपन्यासकार लीलाध्वज थापाको १०३औं जन्मजयन्तीको अवसरमा इतिहासकार तथा साहित्यकार ज्ञानमणी नेपाललाई सम्मानित गरिएको हो । नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजित कार्यक्रममा लीलाध्वज थापा साहित्य प्रतिष्ठानका अध्यक्ष विजयध्वज थापाको सभापतित्व तथा त्रिभुवन विश्व विद्यालयका पूर्व उपकुलपति तथा जापानको लागि पूर्व राजदूत केदारभक्त माथेमाको प्रमुख आतिथ्यता तथा प्रा.डा. लेखप्रसाद निरौला, प्रा.डा. रामप्रसाद ज्ञवाली, रोचक घिमिरेको आतिथ्यता कार्यक्रम भएको थियो ।

कार्यक्रममा सम्मानित व्यक्तिवको बारेमा प्रकाश पार्दै प्राध्यापक डा. लेखप्रसाद निरौलाले गुरूकुलीय पद्धतिमा अध्ययन गरेका इतिहासकार नेपालले नेपालको ऐतिहासिक महत्वलाइ उजागर गर्ने क्रममा ज्ञानमणी नेपालले महत्वपूर्ण योगदान दिएको चर्चा गरेका थिए ।

सोही कार्यक्रममा कवि सीता भट्टराई, मोमिला जोशी, रमेश 'सुभेक्षु' ,काजी रोशनका साथै बलराम दाहालले आ-आफ्ना रचना (कविता) वाचन गरेका थिए ।

कार्यक्रमको अन्त्यमा सभापति एवं प्रतिष्ठानका अध्यक्ष साहित्यकार विजयध्वज थापाले इतिहासविद् ज्ञानमणी नेपालले प्रतिष्ठान द्वारा प्रदान गरिएको सम्मान, पुरस्कार ग्रहण गरिदिएकामा प्रतिष्ठानको गरिमा बढेको विचार व्यक्त गरेका थिए । *-जयराम बिडारी*

सम्पादक/प्रकाशक राजन कार्की
Editor/Publisher Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : रोशन कार्की
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np

सम्पादकीय

ललिता निवासको सनसनी

बालुवाटार काण्ड अर्थात ललिता निवास जग्गा प्रकरण यतिबेला सडक, संसद, सरकार, आमनागरिकबीच सनसनीका रूपमा फैलिएको छ । ललिता निवास जग्गा काण्ड बेला बेलाका सत्ताधारी र कर्मचारीको मिलेमतोमा लूट मच्चाइएको विषयमा कुनै शंका रहेन । प्रश्न यत्तिमात्र छ कि सरकारी जग्गामा मोही कायम गराउने, व्यक्तिका नाममा नामसारी गर्न गराउन आदेश दिने भूमाफिया र सत्ताधारीहरूलाई कानुनले देख्छ कि देख्दैन, राज्यद्रोहसरहको अपराध गर्नेमाथि कारवाही हुन्छ कि हुँदैन भन्ने हो ।

अहिलेसम्म अख्तियार तमासा हेरेर बसेको छ । हुन त वर्तमान अख्तियार प्रमुख नै यो जग्गा प्रकरणमा मुछिएका छन् । मुछिनेमा खरदार, सचिवदेखि मन्त्री, नेता, प्रधानमन्त्रीसम्म पनि रहेका छन् । सीआइबीको अनुसन्धानले सबैलाई पक्राउ पूर्जी जारी गरेको छ । विशिष्ट श्रेणीको पदबाट अवकाश पाएले समेत आफूमाथि छानबिन होस् भनेर भन्न सकेनन्, पक्राउ पूर्जीलाई अनदेखा गरेर भागी भागी, लुकी लुकी हिडिरहेका छन् । केही खरदार, सचिव, व्यवसायीलाई पक्राउ गरे पनि खासमा संलग्न रहेका पूर्व प्रधानमन्त्रीमाथि पक्राउ पूर्जी जारी भएकै छैन । यसबाट के स्पष्ट हुन्छ भने ललिता निवास जग्गा प्रकरण निर्णयकर्तालाई नछोएर निर्णय लेख्ने, जग्गा किन्ने, बेच्ने, व्यवसायीलाई मात्र छुनुले छोरी कुटेर बुहारी तर्साउने मेलोजस्तो हो भनेर आमनागरिकमा चर्चा सुरू भइसकेको छ । ललिता निवास जग्गा प्रकरण तलबाट होइन, प्रधानमन्त्री स्तरबाट सुरू भएको भ्रष्टाचार काण्ड हो । सरकारी जग्गाकै हिनामिना काण्ड अर्थात राज्यद्रोह नै हो । यति ठूलो प्रकरणमा सानालाई ऐन, ठूलालाई चैन भन्ने उखान चरितार्थ गर्न खोजिएको छ । सत्ताधारीले आफ्नो सत्ता लम्ब्याउन यो प्रकरणलाई औजारका रूपमा उपयोग गरेकोजस्तो भान हुनथालेको छ । कानुनले सरकारी जग्गाकाण्डमा संलग्न टिप्पणी लेख्नेलाई देख्ने, टिप्पणी सदर गर्ने र टिप्पणी लेख्न आदेश दिने कसैलाई पनि छुन सकेको देखिदैन । यसकारण पनि बालुवाटार जग्गा प्रकरण राजनीतिक स्टण्टबाजीभन्दा बढी केही पनि होइन भन्न थालिएको छ ।

सीआइबीको अनुसन्धान जारी छ । सीआइबीले पक्राउ पूर्जी जारी गरेका व्यक्तिहरू एकाध देशबाहिर गए पनि अरू सबै नेपालमै छन्, प्रहरीकै आँखा अगाडि आवतजावत गरिरहेका छन् । प्रहरीले चाहने हो भने पक्राउ पूर्जी जारी गरेका व्यक्तिहरू एकैदिन पक्राउ गर्न सक्छ । प्रश्न, अझै पनि उही छ, ललिता निवास जग्गा प्रकरणमा आदेश दिने, टिप्पणी सदर गर्ने, तत्कालीन सरकार प्रमुख र संलग्न प्रभावकारी नेताहरू कहिले पक्राउ पर्छन् ? यो काण्ड सेलाउँछ कि यो काण्डमा दोषी जो परून् तिनीहरूमाथि कारवाही हुन्छ ?

राजनीति देखेर लाज पनि लजाउन थाल्यो

राजनीतिमा नीति, नैतिकता, सिद्धान्त र इमानदारिता समाप्त भयो । यस्तो राजनीति राजनीति हुनसक्दैन, यो त व्यापार हुनपुग्यो । व्यापारमा मुनाफा हेरिन्छ, अरू केही हेरिन्न ।

व्यापारीमा पनि कहिले कहिले पाप धर्मको ख्याल गरिन्छ । हाम्रो राजनीतिका खेलाडीहरूका लागि त स्वार्थसिद्ध भन्दा बढी केही पनि बाँकी रहेन ।

नेपालको राजनीति कस्तो छ भन्ने सम्बन्धमा एक बुद्धिजीवीको टिप्पणी यस्तो रहेको छ- लाजलाग्यो भनेर एउटी महिलाले फरिया उचालेर मुख छोपेजस्तो । लोकतन्त्र जता हेऱ्यो ह्वाइगै छ, लज्जा पनि लजाइरहेको छ ।

आज १० वर्ष लामो जनयुद्धलाई हेर्दा सौरभले भनेजस्तो अघि अघि जनयुद्ध, पछि पछि बाइबल आएको रहेछ । त्यो त हिन्दुराष्ट्रलाई इसाईकरण गर्ने मिसन पो रहेछ । धार्मिक स्वतन्त्रताका नाममा धर्मनिरपेक्ष किन बनाइयो, संविधान लेख्नेहरू नै सत्तामा छन्, तिनीहरू जनतालाई निर्णय लाद्छन्, जनउत्सुकता मेटाउन सक्दैनन् । लोकतन्त्र लज्जास्पद भइसक्यो ।

२०६३ सालमा १९ दिने जनआन्दोलन पनि भएकै हो । भारतले करण सिंहलाई पठाएकै हो । करण सिंहकै साक्षी रोहबरमा मरेको संसदलाई राजाले ब्यूँताइदिएकै हो । त्यही संसदमा जनयुद्धकारीलाई ८३ सांसद बकसमा दिएर प्रधानमन्त्रीले कार्यवाहक राष्ट्रपतिको भूमिका निर्वाह गरे । नेपालको सार्वभौमिकताको विषयमा बेला बेलामा वकालत गरिरहने चीनका राजदूतले छँदाखाँदाको राजालाई बाइपास गरेर प्रधानमन्त्रीलाई ओहदाको प्रमाणपत्र पनि बुझाएकै हुन् । संविधानसभाले गणतन्त्र कार्यान्वयन गर्दासमेत चीन बोलेन । त्यही चीन थियो, जसले एक प्राध्यापकलाई पुस्तक लेख्न लगाएर दरबार हत्याकाण्डमा भारतको हात छ भनेर ठोकुवा नै गरेका थिए ।

जेहोस्, गणतन्त्र कार्यान्वयन भयो । नयाँ संविधान बन्यो । संविधानअनुसारको दोस्रो आवधिक चुनाव पनि भइसक्यो । नेतृत्व गण भन्छन्- संविधान कार्यान्वयन भइसक्यो, गणतन्त्र बलियो भएको छ । लोकतन्त्र जब्बर भइसक्यो ।

तर गणतन्त्र दिवस वा लोकतन्त्र दिवसमा गण वा लोक सहभागी नै हुँदैनन् । संविधानलाई नेतृत्व गणले कुल्वैढ्छन्, संविधानले न्याय दिन्छ, विधि बसाल्छ भन्ने विषयमा जनता आश्वस्त छैनन् । नेताले विश्वास गुमाए, संविधानले आस्था गुमायो । अहिलेको नेपालको शासन प्रशासनको यथार्थ यही हो । यसरी भाँडिएको र लथालिङ्ग भएको शासन प्रशासनलाई कसरी ठिकठाक पार्ने भनेर कसैले पनि सुझाव दिएकोजस्तो लाग्दैन । पार्टी पार्टीमा विभाजित थिङ्क टेङ्क, बुद्धिजीवी, नागरिक समाज आआफ्नो स्वार्थका थाइनो बनेका छन् ।

प्रशासन अनियमितता गरिरहेको छ, यो अनियमितताले राजनीतिले संरक्षण दिइरहेको छ । सत्ता राजनीतिमा संविधान होइन, सेटिङ् षडयन्त्र निरन्तर चलिरहेको छ । राजनीति सेवा नभएर व्यवसाय बनेको छ । यसकारण त राजनीति गर्ने नाइगाबाबाहरू अर्बपति बनेका छन्, महलमा बस्छन्, सम्भ्रान्त जीवनयापन गरिरहेका छन् । सानालाई ऐन, नेतालाई चैन भइरहेको छ । समाजमा उखानै थियो- नेपालको कानुन दैव जानुन्, कानुनको नौ सिङ् हुन्छ । यतिबेला चरम भ्रष्टाचारको नाली बनेको राजनीति, प्रशासनमा यही उखान लागू हुन्छ । नेपालमा लोकतन्त्रका नाममा, संवैधानिकताको आवरणमा जङ्गलराज बन्यो ।

कुनै संवैधानिक निकाय स्वच्छ छैनन् । अदालत मन्दिरजस्तो रहेन । बागद्वारजस्तो बन्नुपर्ने संवैधानिकता ढलद्वार बनेको अनुभूति जो कसैले गरिरहेको छ । यस्तो शासन व्यवस्थालाई कानुनी राज भन्नुपर्ने, यस्तो अपराधिक लोकतन्त्रलाई संवैधानिक भनिदिनुपर्ने ? जब संविधानको सीमा र आचरणमा कोही बसेकै छैनन्, कसरी त्यस्ता निकायहरू संवैधानिक हुनसक्छन् र ?

लज्जा पनि लजाइरहेको छ । नेतृत्व बर्ग पटक्कै लजाउँदैनन् । कठै लोकतन्त्र ?

बहुदल, परिवर्तन र लोकतन्त्रप्रति सर्वसाधारणहरू पश्चाताप गर्छन् । प्रायाश्चित्त गर्नैपर्ने नेतृत्व बर्ग असफलताको शीरमा भ्रमको मयुरपंखे श्रीपेच लगाएर मुस्कुराइरहेका छन् । मानौं, यी मूर्ख बादशाह हुन्, जो नयाँ लुगाका नाममा नाइगै छन् । राजनीति र प्रशासनका नयाँ बादशाहहरूलाई लज्जाबोध छैन । जहाँ लोकलज्जा हुँदैन, त्यहाँ केको लोकतन्त्र हुन्छ ? के को गणतन्त्र हुन्छ ?

०६३ सालको बसन्त परिवर्तनपछि देशमा हौसला थियो, १८ वर्षपछि फर्केर हेर्दा त्यो हौसला मरिसकेको छ । बसन्त परिवर्तन, कोतपर्वभन्दा भिन्न रहेन । लोकतन्त्र राणा शासनजस्तो छ । लोकतन्त्रप्रति गौरव पार्टीहरूलाई मात्र छ । लोकतन्त्र लोकका लागि हुनुपर्ने, दलका नेता कार्यकर्ताका लागि हुनपुग्यो ।

पञ्चायत निरंकूश थियो, लोकतन्त्र झन निरंकूश भयो । व्यापारीको देश हुन्न, त्यस्तै देखियो । यिनमा जे छ स्वार्थपूर्तिमात्र छ । यिनले देश सिध्याउने भए । देशको अस्तित्व, नेपालीत्व मटियामेट पार्नेभए ।

संविधान जनताका लागि हो । नेतृत्व बर्ग त संविधानभन्दा माथि देखिए । जर्ज अरवेलले भनेका थिए- एनीमल आर इक्वेल, सम एनीमल आर मोर इक्वेल । नेतृत्व भिन्न हुन् । विवेकहीन हुन् । यिनलाई राष्ट्रप्रति गौरव छैन । माटोप्रति ममता छैन । जनतापृति जिम्मेवारी छैन, संविधानप्रति आस्था छैन । कर्तव्यप्रति उत्तरदायित्व छैन । सर्वोच्च अदालत वा अन्य अदालत किन सर्वदलीय देखियो ? किन अदालतले राजनीतिक दवाब र प्रभावमा कुनै मुद्दा आजको भोलि फैसला गर्छन् ? आमनागरिकका मुद्दा ४० वर्षसम्म पनि तारिखमा झुण्ड्याएर राख्छन् ? अदालत संसदको अधिकार खोस्छ, सरकार संवैधानिक निकायलाई वशमा राख्छ । शासनका नाममा हनुमानगिरि पो चलेको छ । लोकतन्त्र भ्रष्ट कालो छायाँ भयो । लोक आकांक्षा, अपेक्षा, आवाज हरेक क्षण प्रताडित गर्नु पनि लोकतान्त्रिक हुन्छ र ?

लोक पनि उस्तै । लोक कहिले चेतेनन् । बदमास भन्ने थाहा पाए पनि तिनैलाई चुनाव जिताउँछन् । हतारमा गल्ती गरेर चुनावपछि पछुताउने जात बन्यो जनता । चुनावका बेलामा पुज्ने, चुनाव सकिएपछि घृणा गरेर के अर्थ ? यसकारण लोकतन्त्र लुटतन्त्र बनेको हो । दोष लोकको बढी छ ।

लोकतन्त्र मीठो व्यवस्था बन्नुपर्ने थियो, क्यान्सर रोग साबित भयो । लोक बेहोरिरहेका छन् ।

त्यसैले लोकनेताहरू ख्यातीको शिखरबाट घृणाको खाडलमा खस्दैछन् । जनताको भरविश्वास कसैमाथि छैन । ठूला ठूला सपना देखाउने, दयनीय शासन चलाउने र जे जंग चल्छ त्यही निर्णय गर्ने जंगेशैली बढेको छ । अविवेकी व्यवहार देखाउँदै सन्की निर्णयहरू गरेर अधिनायकयकी राजनीतिक पात्रका रूपमा नेतृत्वबर्ग स्थापित हुनपुगेका छन् । कस्तो अचम्म, स्थानीय स्तरमा समेत गठबन्धन गरेर चुनाव लड्ने, आलोपालो सत्तामा जाने भनेर केन्द्रस्तरमै गठबन्धन मिलाउने, द्वन्द्व बढाउने चरित्रले राष्ट्र दुर्घटनाउन्मुख बनेको छ । कुनै पनि बेला श्रीलंकामा आएकोजस्तो लोकविद्रोहको सुनामी नआउला भन्न सकिदैन ।

राष्ट्र कमजोर पार्ने काम गर्ने नेताहरूले लोकतन्त्र ल्यायौं भनेर गर्व गर्नं उदेगलाग्दो विषय बन्नपुगेको छ ।

परिवर्तन देशका लागि सराप बन्यो । नेता तत्कालको स्वार्थबाट निर्देशित हुँदा राजनेताको अभाव खट्किन पुग्यो । राजनेता थिए भने ती देशको बृहत्तर स्वार्थबाट प्रेरित भएको देखिनुपर्थ्यो । देखिएन । राजनीतिक मैदानमा जो छन्, ती गल्लीका सान्चा पहलमानभन्दा भिन्न छैनन् । जसले सर्वसाधारणलाई भयको नागपासले बेरेर राखेका छन् । सत्तालाई सेटिङको विषय बनाएर देश र जनताको हक र हित लुटिरहेका छन् ।

मय्यो, वीपी र मदन भण्डारीको दर्शनमात्र मरेन, माओको नामसमेत बदनाम भयो । नेताको मुर्दुभित्र नेपालीत्व समेत मरेका अनेक घटनाक्रम भए । नेपाली हित र हकका लागि, सार्वभौमिकता र स्वतन्त्रताका लागि नेतृत्व उभिनै सकेन । राष्ट्रका लागि अहं भूमिका खेल्ने बेलामा विदेशीको परिक्रमा गर्ने प्रवृत्ति आत्मघातसरह हुनपुग्यो । यस्तो परालखुट्टे, पराधीन नेतृत्वले सुखी नेपाली, समृद्ध नेपालको बैतर्णी तार्दैनन् । सत्य यही हो । सत्य बुझेका छन्, स्वीकार गर्दैनन् ।

लोकतन्त्र गाईजात्रा बन्यो । नेतृत्व विदेशी ताकतले उभ्याएको बुख्याँचाभन्दा भिन्न रूपमा देख्न छाडियो । राजनीति र कूटनीतिभित्रको राजनीति र कूटनीति बुझ्नेहरू यसै भन्छन् । देशमा स्वतन्त्र चिन्तक छन्, विचारक छन् भने तिनको भूमिका के हो ? तिनले तमासा हेरेर बस्नु भनेको विवेकहीन हुनु होइन र ?

जे पनि भारतको नक्कल गर्ने नक्कलीहरूले सुभाषचन्द्र बोसलाई पढ्नु उचित हुनेछ । त्यतिबेला भारतमा अंग्रेजको शासनकाल थियो । सुभाषचन्द्र बोसले विवाह नगरेपछि उनका सहयोगीहरूले सामुहिक रूपमा यो कुरा उठाए- नेताजी तपाई किन विवाह गर्नुहुन्न ? सुभाषचन्द्र बोसले भने- विवाह त म अहिले नै गर्छु, तर मलाई दाइजो चाहिन्छ, मैले माँगेको दाइजो दिने कसले ?

सहयोगीहरूले भने- तपाईलाई छोरी र दाइजो दिन धेरै तैयार छन्, भन्नोस् तपाईलाई के कति दाइजो चाहियो ?

बोसले भने- मलाई दाइजोमा मेरो देशको स्वतन्त्रता चाहियो । कसैले दिनसक्छ स्वतन्त्रता ? त्यसपछि सबै चुप लागे । सुभाषचन्द्र बोसको त्यही भारत आज नेपाललाई सताइरहेको छ ।

सुभाषचन्द्र बोसलाई चाहिएजस्तै नेपालीलाई नेपालको स्वाधिनता, सार्वभौमिकता र स्वतन्त्रता चाहिएको छ । भारतको दिनदिनैको अतिक्रमण र हस्तक्षेपबाट त्यो जोगाइदिने कसले ?

हरेक नेता भारतका सामु लम्सार परेका छन्, कहिल्यै परतन्त्रमा नपरेको नेपाल यतिबेला भारतको माकुरी जालमा फस्न पुगेको छ । फसाउने ग्राम्रै नेता हुन् । यसकारण नेपालीत्व खतरामा छ ।

भारतमा अंग्रेजको शासनकाल थियो । सुभाषचन्द्र बोसले विवाह नगरेपछि उनका सहयोगीहरूले सामुहिक रूपमा यो कुरा उठाए- नेताजी तपाई किन विवाह गर्नुहुन्न ? । सुभाषचन्द्र बोसले भने- विवाह त म अहिले नै गर्छु तर मलाई दाइजो चाहिन्छ, दाइजो दिने कसले ? सहयोगीहरूले भने- तपाईलाई छोरी र दाइजो दिन धेरै तैयार छन्, भन्नोस् तपाईलाई कति दाइजो चाहियो ?

बोसले भने- मलाई दाइजोमा मेरो देशको स्वतन्त्रता चाहियो । कसैले दिनसक्छ स्वतन्त्रता ? त्यसपछि सबै चुप लागे ।

सुभाषचन्द्र बोसको त्यही भारत नेपाललाई सताइरहेको छ । सुभाषचन्द्र बोसलाई चाहिएजस्तै नेपालीलाई नेपालको स्वाधिनता, सार्वभौमिकता र स्वतन्त्रता चाहिएको छ । भारतको दिनहुँको हस्तक्षेपबाट जोगाइदिने कसले ?

सहिद चिनियालालको सम्झना गरियो

जनस्तरको नागरिक मूल समारोह समितिकी अध्यक्ष उमा श्रेष्ठ "हिमा" ले विद्यमान अव्यवस्थालाई हटाई व्यवस्थित रूपमा राष्ट्र हाँक्नको लागि सहभागी सत्याग्रहीहरूको मागलाई पूर्णता दिनुपर्छ भनेकी छिन् । उनको भनाई छ- पूर्वीय दर्शन र पद्धतीको संरक्षण गर्दै आएको "राजसंस्था" आजको अपरिहार्य आवश्यकता, आम जनताले महसुस गर्दै आईरहेको सबैले मनन गर्नुपर्छ ।

पूर्वराजाको ७७औं शुभ जन्मोत्सव मनाउने क्रममा प्रा. विष्णुराज पाण्डेको संयोजकत्वमा "उहिले र अहिले देश र जनताले भोग्नु परेको दुरावस्था" बारे विचार गोष्ठी आयोजना भएको थियो ।

गोष्ठीका प्रा. विष्णुराज पाण्डले शाहवंशिय राजपरम्परा अनुसार देश चलाउनु पर्छ भन्ने मान्यतामा अडिग छु, पूर्वराजामाथी जे जस्ता राजनीतिक अपराधीहरूले गाली गलौज, आरोप लगाए तापनि धैर्यताका साथ सहेर बस्नु राजा ज्ञानेन्द्रको महानता हो, राजा भन्ने शब्दनै राजनीति हो भन्नु भएको थियो ।

कार्यक्रममा सबैको मत थियो- जनताले मन भित्रैबाट राजा खोजी रहेका छन् । राजा पनि जनतासमक्ष पुगेका छन् । अब जनता र राजा मिलेर भ्रष्टाचारी शासनको अन्त गर्नुपर्छ ।



सभापति बनेका विष्णुभक्त तण्डुकारले नेताहरूको बाझाबाझले आफूहरू नासिने संकेत दिई रहेको बताउँदै राजा नभएको देशमा नबस्नु भनेर शास्त्रले भनेको सम्झना गर्नुभयो ।

विशिष्ट अतिथी प्रा.डा. यादव प्र. ढुंगानाले प्रजातान्त्रिक राष्ट्रवादको सिद्धान्त नै देश बचाउने सूत्र हो । राजाले होस्टे भने जनताले हैंसे भनेर नेपाल रूपी रथ तान्न देशव्यापी तयार भएर बसेको छ । समयको पदचापलाई पछ्याउनु पर्छ भन्ने विचार राखे । पुजा संयोजक सुमित्रा श्रेष्ठ, कार्यक्रम संचालक शंकर मधेयाले २०६५ साल जेष्ठ २९ गते नारायणहिटी राजदरबारबाट राजा ज्ञानेन्द्र जनताको नासो जनतालाई बुझाएर हाँसी-हाँसी दरबारबाट निस्केको सम्झना गर्दै, अब जनताले तिनै राजालाई देवताको शक्तिशहित दरबारमा स्थापित गर्नुपर्ने दिन आयो भनेका थिए । धर्म संस्कृति र राजतन्त्रको गहिरो गठवन्धनलाई गाँस्ने जनताले हो, यसरी छिन्नभिन्न भएर रहन सकिन्न भन्ने धारणा राखेका थिए ।

१९९३ सालमा जनतामा चेतना जगाउन र जनजागरण गर्न आफ्नै घर खिंल टोलमा "महावीर इन्स्टिच्यूट" शैक्षिक संस्था खोलेर राजनीतिमा होमिनु भएका र ओझेलमा परेका शहीद चिनियालाल सिंहको ११९औं जन्म जयन्ति मनाइएको छ । कार्यक्रममा प्रा.डा. यादव प्रसाद ढुंगाना, देवराज अधिकारी, नरेन्द्रमान सिंह, बलराम गौतम, सरस्वती पन्त, विनोद आचार्य आदीले देशको वस्तुस्थिती बारे चर्चा गर्दै नेपाल आमा अहिले असुरक्षित रहेकी छिन्, चिनियालालको आवश्यक छ भनियो ।

"हाम्रो नेपाल, विशाल" शिर्षकको स्मारिकामा प्रकाशित सामाग्री राजनीतिमा उथल पुथल ल्याउन जुटनुपर्ने आह्वान जेष्ठ नागरिक विष्णुभक्त तण्डुकार र किशोरी महतो गरेका थिए ।

अध्यक्ष संस्कृतिवीद महेश्वर जुजु राजोपाध्यायले सरकारी पात्रो अनुसार कुनै पनि चाड पर्व मनाउँदा समाजमा क्षेय मात्र हुने भएकोले भाद्र ४ गते नाग पञ्चमी मनाउने भनेको मिलेन, श्रावण ७ गते शुद्ध नागपञ्चमी पर्व मनाउ भन्ने अनुरोध गरेका छन् ।

सरकारका सदस्य सचिव हरि नारायण मल्ल, प्रा. विष्णुराज पाण्डे, शंकर मधेया, बलराम केसी., प्रा.डा. सुन्दरकृष्ण जोशी, सन्दिप सापकोटा सहितको कार्यक्रममा कामपाका प्रवक्ता एवं १७ वडाका वडाध्यक्ष नविन मानन्धर पनि उपस्थित थिए ।

नेवा बुद्धिजिवी देशयमरू भया: पत्रिकाका सम्पादक, प्रकाशकको सम्झना पनि गरिएको थियो ।

जनहितमा जारी सूचना

डेङ्गु रोग आइरलाग्नु हुने र छिटो फिजिएर जानको सङ्क्रमित पोखी लामखुटेको टोकाइबाट जर्ने सङ्क्रमण जरुवा रोग हो । यो रोग जर्ने लामखुटे बाघको जस्तो धुटा भएको हुन्छ । जसले जर्ने जस्लाई बाघ लामखुटे पनि भनिन्छ । यो लामखुटे रु-सना सफा पानी जस्ते ठीलका डबाहरू, रङका सानी डबाहरू, थोरा फालेका टायरहरू, अलकत्रा वा मटिटेलका सानी डबहरू, फूलदान, कुलर, पानीका ढुवाङ्गकी आदिमा जमेको सफा पानीमा चसले फुल पार्दछ ।

डेङ्गु रोगका मुख्य लक्षणहरु

- झक्कानी उच्च ज्वरो आउनु
- असाध्यै टाउको दुख्नु
- आँखाको जोडा तथा पाछल्लो भाग दुख्नु
- हाड, जोर्नी तथा मांसपेशीहरु दुख्नु
- शरीरमा छिरिका आउनु
- रक्तश्राव हुने

झक्कानी उच्च ज्वरो आई माथिका दुई वा दुई भन्दा बढी लक्षण देखा परेको खण्डमा डेङ्गु ज्वरो भएको शङ्का गर्न सकिन्छ । यो रोगको लक्षण देखिएमा नजिकैको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क राख्नु हुन अनुरोध छ ।

डेङ्गुरोग ज्वरोबाट बच्ने उपाय

- डेङ्गु ज्वरोबाट बच्न लामखुटेको टोकाईबाट बचाइको लागि लामखुटेको वृद्धि रोक्नु पर्दछ ।
- घोरे र सफा पानी जस्ते जमेर बाहाहरु जस्तै गमला, फूलदान, खालीबोतल अलकत्रा वा मटिटेलका खाली इन, जाडीको खाल भलाजले टायर आदिमा पानी जस्ते जमेर उपयुक्त जर्ने पर्दछ ।
- पानीका ढुवाङ्गलीलाई लामखुटे प्रवेश जर्न नदिने जरी बाकेर राख्नु पर्दछ ।
- कुलर र घरी फ्रिजको ट्रेस बगलमा रहेको पानीमा प्रत्येक हप्ता एक वा दुई पटक मटिटेल हालिदिने साथै जमेर भएको पानी सफा जर्ने ।
- फूलदानीमा रहेको पानी हप्ताका दुईएटक फेर्नु पर्दछ ।
- घरमा लामखुटेले डिएको ठोकेको हुँदा बगदा पनि फ्रन: पुरा बाउला भएको वा शरीरमा पुरा बाउले तापका लगाउनु पर्दछ ।
- सरकार लामखुटेले डिएको सूचना बाट लहुपको प्रयोग जर्नु पर्दछ । साना ठोकाठोकीलाई जस्तो सुती लगाएका पनि लुगाबाट सुरक्षण पर्दछ ।
- लामखुटेको टोकाईबाट बच्न लामखुटे भगाउने मलहरु दल्न पनि सकिन्छ ।

तारकेश्वर नगरपालिका
धर्मस्थली, काठमाण्डौ

नातीको ग्राजुयसन सँगसँगै राजनीति

काठमाडौं । पूर्वराजा गत शुक्रवार थाइलेण्ड हिडेका छन् । स्रोत भन्छ- नातीको ग्राजुयसनमा सहभागी हुन गएका हुन्, तर महिना दिन किन र केका लागि थाइलेण्ड बस्ने ? धेरैको उत्सुकता छ ।

थाइलेण्ड पुगेर पूर्वराजाले राजनीतिक र कूटनीतिक भेटघाट थालिसकेका छन् । थाइलेण्डबाटै पूर्वराजा अन्य मुलुकको भ्रमणमा पनि जानसक्ने, फर्कदा थाइलेण्ड भएरै फर्कने चर्चा पनि बाक्लैछ । आफ्नो जन्मदिनसमेत निर्मण निवासमा नमनाएर ललितपुरको डाँडामा पुगेर मनाएका पूर्वराजाले फर्केपछि राजतन्त्र पुनर्स्थापना गर्ने मार्ग प्रशस्त गरेरै फर्कने राजतन्त्रवादीहरूले बताएका छन् । तर राजतन्त्रवादीहरू सुतेर बसेको देख्दा लाग्छ, राजतन्त्र पुनर्स्थापना धेरै टाढाको विषय बनिसकेको छ । के होला प्रतिक्षा छ ।

पूर्वराजालाई देख्यो कि चर्का नारा लगाउने, राजतन्त्र पुनर्स्थापना गराएरै छाड्ने खालका ५ दर्जन भन्दा बढी राजतन्त्रवादी संस्थाहरू कहिले एक हुन नसकेको देख्दा राजतन्त्र फेरि फर्कला र भन्ने प्रश्न उठ्न थालिसकेको छ ।

विभेदको सांग्लो त तोडियो...

देवी काफले -

विभेदको सांग्लो त तोडियो, विभेदका बाछिटा बाँकी छन् । जनप्रतिनिधिकै कारण विभेदको अन्त हुन नसकेको हो । आजको समाज विज्ञान र प्रविधिले उचाइमा पुर्याएको बौद्धिक समाज हो । ढुंगे युगबाट सुरू भएको समाज आज प्रविधीसंग मितेरी लगाइसकेको छ । परिवर्तनसँगै हाम्रा चालचलन, रितीरिवाज, मानवीय व्यावहारमा समेत आमूल परिवर्तन भएको छ । सती प्रथा समेत बेहोरेका हाम्रा जिजुहरूका सन्तान हामी आज खुला आकाशमा निस्फिक्री उड्न पाएका छौं । अर्थात लैंगिक विभेदको सांग्लो तोडिइ सकेको छ । पुरूषसँग सहकार्य गर्न सक्ने भएका छौं । राज्यले समान अवसर प्रदान गरेको छ । आफ्नो क्षमता प्रदर्शन गर्न चौतारी पाएका छौं । अझ भनु भने आज महिलाले अवसर नपाउने कुनै क्षेत्र नै छैन मात्र आंट र साहस,क्षमता हुनुपर्यो ।

राज्यले दिएका अवसर र परिवर्तित समाजका कारण महिलालाई मार्ग प्रसस्त भएको छ । यति हुंदाहुँदै पनि महिलाहरूले अनेक रूपका हिंसा बेहोर्नु परेको छ । प्रविधीबाट महिलाहरू धेरै हिंसामा परेका छन् । हिंसा बढेको तर प्रकृति फरक छ । पहिले जस्तो सासु नन्द जेठानी आमाजुबाट होइन कि सामाजिक सन्जाल प्रयोगकर्ता बुद्धिजिवी वर्गहरूबाट हिंसाले चरम रूप लिएको छ । बढेको छ ।

अब कुरा आउँछ कसरी सामाजिक सन्जालबाट हिंसा भयो त?

हातमा २०/३० हजारका मोबाइल नबोक्ने मानव जिनिस नेपालमा विरलै होलान् । राज्यले कतिसम्मको कुराहरू सन्जालमा पोष्ट गर्न पाउने भन्ने कुनै दायरा कायम गरेको छैन । यसैको फाइदा उठाउँदै विना अनुमती अर्काको फोटो लिने या खिच्ने अनि सन्जालमा अनैतिक शब्दहरू,गालीगलौजका शब्दहरू लेखेर पोष्ट गरिदीने गर्छन् । आफ्नो लिंग रूप फेरेर केटीको नाम राख्ने फ्रेन्डरिक्वेष्ट पठाउने अनि अश्लिल भिडीयो, फोटोहरू पठाउने गर्छन् । केही पुरूषहरूले महिला साथी अनलाइन देख्नासाथ समयको वास्तै नगरेर फोन गरीदिन्छन् जसका कारण पारिवारीक कलह बढ्छ शंका बढ्छ । केहीले साना कलिला नानीहरूलाई फोन गर्ने फकाउने, लोभलालच देखाउने उनीहरूलाई शरीरका अंग देखाउन लगाउने, अनि ब्ल्याकमेल गरी इज्जत लुट्ने गरेका घटना बारम्बार आइरहेकै छन् । झन बढेका छन् ।

कहिलेकाँही त अफिसकै सहकर्मी साथी वा हाकिमहरूबाट पनि कारिन्दालाई सन्जालबाट यौन प्रस्ताव राख्ने गरेका हल्ला बाहिरिन्छन् । स्कूलका एकादुई शिक्षकको समेत यस्तो हरकत सुन्न पाइन्छ । कलेजका प्रोफेसरबाट छात्रा विद्यार्थीलाई पास गरीदिन्छु भनेर उसको भावनालाई ठेस पुर्याएको घटना त टिभी मै देख्न पाइयो ।

राजनीतिक पार्टीका कार्यकर्ता यति उग्र छन् कि लेख्ने बेलामा आफ्ना पनि दिदीबहिनी छन् भन्ने कुरा नै बिर्सन्छन् । फरक विचारधाराका महिला नेतृ वा कार्यकर्ताले उनिहरूको विचार बिरूद्ध बोल्नुपर्छ अनि त सातपुस्तालाई नै वेश्यावृतिबाट यहां पुगेको भनेर आगो ओकल्छन् । उसले बोलेका भिडीयो क्लिपलाई इडिट गरेर कहां कुन शब्द छोएर गाली गर्न मिल्छ त्यसैलाई हाईलाइट गरेर हुँदानहुँदा नालीबेली लाएर तल्लो र निम्छरो कमेन्ट ठोक्दै सन्जाल रंग्याइदिन्छन्, कमेन्ट गर्नेको तांती लाग्छ, बिडम्बना त्यस्तोमा कमेन्ट गर्ने केही महिला नेतृ पनि हुन्छन् ।

कलाकारीताको क्षेत्रमा भएका घटनामा पनि त्यस्तै एकमतले महिलालाई नै चरीत्रहिन गराई फेसबुके न्यायाधीशहरूले पुरूष कलाकारलाई न्याय दिन्छन्, महिलालाई पेशेवर वेश्या बनाइदिन्छन् । यस्ता अपराध बढेका छन् ।

धेरै लाइक वा कमेन्ट पाउने लोभमा जसको पायो उसको विना अनुमती फोटो पोष्ट्याउँदै आफ्ना निम्छरा विचार लेख्ने, कसैको निजी जिन्दगीको विषयलाई लिए विष वमन गर्ने, सन्जालबाट फोटो तानेर ग्रुप बनाउँदै मोलमोलाई गर्ने, पूरा जानकारी नभै कसैको जीवनको खोटा कुराहरू पोष्ट्याउने,गल्ती कमिकमजोरी कसको के कति छ थाहा नपाई पेशेवर वेश्याको संज्ञा दिने र आत्महत्या दुरूत्साहन गर्न मजबुर पार्ने जस्ता दैनिकका सन्जाल हिंसाले महिला अत्याधिक पिडीत छन् ।

कानूनी उपचारका लागि जानु झन्झटिलो र ढिला हुने । अनि इज्जत जान्छ कि भन्ने डर । यस्ता हिंसामा सर्वसाधारण, राजनीतिमा लागेका देखी कर्मचारी, सभ्रान्त महिला समेत परेका छन् । यसरी सामाजिक सन्जालको दुरूपयोग हुँदै गयो भने यसले महिलाहरूलाई मर्नु न बाँचुको अवस्थामा नपुर्याउला भन्न सकिदैन । संसारले हेर्न मिल्ने यस्तो प्रविधिको दुरूपयोग गरेर आफ्नै चेलीबेटीहरूलाई नंग्याउन खोज्नेलाई कहिले कारवाही होला ? गम्भिर छलफल गरी ठोस निर्णय लिनुपर्ने देखिन्छ । के सरकारले यो विषयलाई प्राथमिकता देला ? सामाजिक सन्जाल अल्पविकसित देशका अल्पज्ञानी नागरिकका लागि अभिषाप बन्ने त होइन ?

यस्ता पार्टी पौवा देख्न छाडियो

पाटीपौवा बनाउने, कुवा खनाउने, मन्दिरमा परेवा, बोका, बाखा, सांढे छाड्ने सांस्कृतिक प्रचलन थियो । ती प्रचलन मासिदै गएका छन् । खासगरी पाप धर्मको छयानव्यान हुन छाडेको छ । आधुनिकताले सामाजिकता समाप्त पादैछ । भूमाफियाले यस्ता पाटी पौवा, सार्वजनिक जग्गा हडप्न थालेका छन् । चिन्ता कसैमा देखिन्न ।

FLY YETI AIRLINES & GET 50% OFF ON ANNAPURNA CABLE CAR

Show your voucher to take free Annapurna Cable Car's bus service

Yeti Airlines

ANNAPURNA CABLE CAR

A fragile 'secular' Nepal is India's biggest enemy. It's time to bring Hindu monarchy back

Rabindra Mishra - -

Whether 'secular republic' Nepal should revert to being a 'constitutional Hindu kingdom' is a raging debate in the country at present. It is understood that some sections of the RSS, BJP, and the Indian bureaucracy seem keen on a 'Hindu republic' rather than a 'monarchical Hindu Nepal'. Given the unique relations between Nepal and India, the significant changes in international geopolitics, and the increasing focus on South Asia, the restoration of a Hindu constitutional monarchy is not only in the interest of Nepal but also of India.

As a journalist-turned-politician, this author has met several senior leaders from across political parties in recent weeks. They admit Nepal is becoming increasingly unmanageable, and have no idea how to handle it. A majority of them, however, agree that India's support for the restoration of the Hindu kingdom in Nepal will be crucial.

King Gyanendra is better than the rest

After unabated political turmoil and increasing Maoist violence, King Gyanendra took over direct power on 1 February 2005. He pledged to transfer authority to political parties within three years, once peace was established in Nepal. However, the act triggered a sharp political realignment the following year; India brought the Seven Parties Alliance and the Communist Party of Nepal (Maoists) together under a 12-point agreement with the objective of bringing the Maoists to a democratic process and ending 'absolute' monarchy.

The king's direct rule ended in April 2006 after he agreed to restore the dissolved Nepali parliament. However, after sidelining the king, the top leaders, driven by their vested interests, "conspiratorially" breached the mandate of the 12-point agreement along with an understanding they had with the king to maintain the institution of monarchy. Also, no one thought they would turn Nepal into a secular republic. The current mess has only proved that neither Indian nor Nepali actors could gauge the extent of deviation Nepal's political change could bring along.

Fifteen years down the line, King Gyanendra is no longer seen as a villain, and draws massive crowds wherever he goes. During my recent meeting with him, the king reiterated that he "belonged to every Nepali, and [that] he could not discriminate [against] people on the basis of who supported or opposed him." Clearly, he is also far more informed about and sensitive to changing geopolitics than any other top leader of the country. If the situation is so congenial, what stops the major parties from coming out openly in favour of the Hindu kingdom agenda¿

Most top leaders privately agree that things are not going in the right direction. However, as it happens in many cases, they hesitate to introspect on and rectify their past mistakes. They suffer from 'sunk cost fallacy', a phenomenon where people refuse to abandon failing endeavours solely because of their heavy investment in them. The fact that India mediated the 12-point agreement makes it natural for Nepali actors to look up to it for a review signal.

Nepal is aware that India's security has to be given utmost priority, and there have hardly been any occasions during the monarchy-era for India to complain on that ground. Given the anti-US and anti-India views that the Maoists and the Communist Party of Nepal (Unified Marxist–Leninist) generally uphold, establishing a culturally vibrant institution that is deeply rooted in social and traditional values and is sensitive to its neighbouring country's security interests will best guarantee Nepal's peace and stability, as India has stated several times. In fact, it is singularly crucial for the peace, stability and long-term interest of India in particular and the entire South Asia region in general to have a credible, stable, unifying head of State in Nepal.

India is finding it increasingly difficult to maintain its traditional clout in Nepal, which was once considered its sole sphere of influence. After the US, the EU, and the UN entered Nepal's flawed peace process, China marched in too, and more aggressively. Russia, under President Vladimir Putin, seems concerned about regaining its global visibility and is also making efforts to establish its presence in Nepal.

Nepal's instability will affect all players

The world is poised to witness greater competition between India and China for global superpower status. The region is likely to get extremely sensitive in the coming years. Consequently, Nepal will emerge as a zone of influence. Therefore, its fragility and instability will not be in anyone's interest, particularly India's. While other equations may keep changing, India and Nepal must be extra cautious about protecting their shared destiny and huge potential.

Nepal has witnessed seven governments come and go after Narendra Modi took over as the Indian prime minister in May 2014. Nepal's judiciary, bureaucracy, president's office, police, civil society, and all the State's organs (except, perhaps, the Nepal Army) are visibly partisan. Worst of all, Nepal has witnessed large-scale conversion to Christianity, from none in 1951 to 'officially' 512,000 in 2021. However, there are indications that the real figure is much greater, with churches and missionaries exploiting people's lack of education and poverty, converting them freely.

In January 2023, BBC reported that leading pastors in Nepal admitted "the spread of the gospel can clash with existing religion and culture," and that "culture shock was unavoidable." India, at times, has also expressed concern about the growing number of Madrasas and militant education imparted along its 1,850-km border with Nepal. Considerable amounts of academic work have demonstrated that changes and conflict in one country also have a bearing on neighbouring countries.

Nepal's fragility won't gel with increasingly sensitive external geopolitical factors. Erosion in the authority and credibility of State institutions make it more imperative that Nepal has a credible patron or guardian for times of crisis. Nepal and India need to learn from the past. They must stop the former's vulnerability from inviting internal or geopolitical conflict and prevent hostile forces from ganging up against them.

A survey conducted in 2022 by Kathmandu University and the research and consultancy firm Interdisciplinary Analysts inferred that over 90 per cent of the respondents called the Nepali Army "the most trusted institution". The underlying fear in the public mind speaks much more. The integrity, capacity, and competency of the Nepali State have weakened to the extent that it will be unable to deal with any major geopolitical or internal conflict. India, which shares a porous, three-sided border with Nepal and harbours a security perception that dominates its relations with the latter, knows its likely impact better.

Also read: India, Nepal won't talk borders. Prachanda has a different message for Modi

Monarchy is crucial for Nepal – as well as neighbours

Whether one likes it or not, in the 15 years since the declaration of Nepal as a secular, federal, republic, King Gyanendra, despite all his weaknesses and shortcomings – from which he seems to have learnt lessons as well – still holds the power of uniting and stabilising the country. In addition, the monarchy will also act as a bulwark against any threat to the country and its neighbourhood. King Gyanendra is associated with a historical legacy spanning 240 years, connected with Nepal's unification. This means his wisdom will reflect in his role as a constitutional expert. A highly revered constitution expert, the late Ganesh Raj Sharma, used to say: "The constitutional monarchy in Nepal should be taken as a torchlight, only to be lit when there is darkness." Nepal has never been in darkness so thick.

The decision to eliminate the monarchy and the Hindu State was one taken in haste and triggered by anger, resentment, revenge and immaturity. All the concerned sides, including mediating India, must review their position and go for course correction. If we allow the situation to deteriorate further, Nepal won't be the only country bearing consequences.

Rabindra Mishra, an author and former head of the BBC Nepali Service, is the Senior Vice- President of the pro-monarchical-Hindu-state party, the Rastriya Prajatantra Party (RPP). He tweets @RabindraMishra. Views are personal. (Edited by Zoya Bhatti) @(ThePrint)

Smash And Grab

By Sunanda Datta Ray

Contd.... CHAPTER 7

The cause of this enmity was never revealed. The Chogyal confessed bewilderment. Kazini herself talked righteously of democracy and human rights. Sonam Tshering thought that she had expected a senior position in Sikkim's education department. Others felt that she had married Kazi in hopes of dazzling the simple Sikkimese with her worldly elan and was bitterly disappointed to discover that not only did her husband not have a grand position at court but that her own talents seemed tawdry in comparison to the cosmopolitan refinement of the Chogyal's stylish sisters. A few sniggered that the Chogyal, with always an eye for a pretty face, had given offence by completely ignoring Kazini's overripe charms.

One of her earliest clashes with the durbar was over a photograph caption in Onlooker (a glossy society magazine in those days) in which she had imaginatively described herself as consort of a liberal ruler who had introduced many reforms in his state. When Sir Tashi's secretary protested, Kazini explained that she had meant estate. On another occasion she told reporters that Kazi was president of Sikkim. After another royal reprimand, she corrected the description to president of the Sikkim National Congress. Kazini's attitudes reflected her thwarted longings. She had a. generous word only for people who could be of use or whom she could patronize. Lhanzin-la, never quite in the durbar's charmed circle, was therefore the only person she spoke of with kindness. Athing-la's birth and title, both superior to Kazi's, aroused all her jealousy, and when Karma Topden married, his English wife provoked sharp ridicule. The fashionable Coo Coo la was particularly resented; Kazini never referring to the proud princess as anything but "Mrs Pheunkhyang". She was initially ambivalent t6wards the Chogyal, perhaps still nursing dreams of eventual royal favours, until Hope's advent killed all hope. Kazini's son had just died and since she did not attend many palace ceremonies in any case, the Chogyal rather hoped that mourning would keep her away from the wedding. But he had reckoned without the feminine curiosity and strategic sense of an adversary who would not for anything in the world miss this opportunity to take stock of Sik kirn's Western first lady and impress her own presence on the important foreign visitors who were expected. Wedding guests say that Kazini strolled among the festive throng, tears of mascara streaming down her heavily powdered face, hysterically pouring out her inconsolable grief to anyone she managed to buttonhole. They woke up next morning to find on their bedside tables a typed verse making fun of "Hope with her Bowery accent." No one in Sikkim had heard of Bowery. But Kazini wiped her tears, slapped on fresh mascara, and returned chuckling to Kaiimpong.

Such games added piquancy to the town's jaded society. Kazini also turned out to be a racy raconteuse, full of scandalous accounts about the royal family. Most of her stories were libellous. All were in bad taste. But they could be funny. They also depicted the Chogyal and Hope as empty, vain, and tyrannical. The tales spread, and people who knew nothing else about Sikkim came to hear witty descriptions of the royal family's idiosyncrasies. As the years passed, Kazini's blonde hair thinned out, whitened, and was stained with henna, the face behind the mask crumpled into a assured field of wrinkles, and the upright figure bulged in its stiff encasing brocade. But the campaign continued, poisoning Indian and foreign opinion. As Satyendra R. Shukia put it in Sikkim: The Story of Integration, "Their house at Kaiimpong became the frequent rendezvous of the journalists and politicians looking for facts-or fiction-which she doled out with ease „and poise with every peg of whisky."

Diplomats, civil servants, politicians, and newspapermen were the special targets of her attention. They were regaled with grave allegations of corruption in the durbar, of political machinations and administrative chaos enlivened with spicy anecdotes of the Chogyal's liaisons and the Gyalmo's foolish posturing. Whether quite untrue or grotesquely exaggerated, the stories found a mark, not least in Gangtok where the Chogyal seethed with impotent anger. Eventually, he persuaded the West Bengal authorities to evict her from Kaiimpong. It was a short-lived victory, for Kazini soon bounced back venomously vowing revenge. "I was burning with fever," she exclaimed dramatically. "They just seized me and flung me into the aeroplane wrapped in only the old blanket in which I was shivering." In a burst of histrionics, Kazini flung herself across the room to lie huddled on a divan, simulating fever-racked agony. "I went to see Mrs Gandhi whom I had known you know when we were in the same sanatorium in Switzerland" and her voice became soft and pleading as her hands folded in supplication to describe the appeal. " 'Induji' I said, 'what have I done wrong that this tyrant should have me driven out of my home¿ And why should the West Bengal government abet his nefarious. schemes¿' " Whatever Mrs Gandhi, who was not then prime minister, may have replied, Kazini had access to a higher court "Sir Alee Douglas-Home himself wrote to demand 'Why has this woman been separated from her husband¿'" This delivered in tones

of rousing indignation. At this point in the narrative, Kazini brought out an envelope emblazoned with the House of Commons portcullis and waved it in the air. " 'One seeing is worth a thousand hearings' as Chou En-lai always used to tell me." But no one ever saw the name on the envelope or, for that matter, if it had any inscription at all.

But it was not all fun and frolic. Around Kazini gathered a number of educated young Nepalese men who, were intoxicated by her eloquence and convinced that destiny had singled them out for a higher purpose. Lal Bahadur Basnet, who had been an education corps NCO and spoke French passably well, was an early protege. Krishna Chandra Pradhan came later and so did N.K. Subeidi. But the most favoured was Nar Bahadur Khatiawara, a peasant lad from near Gyalzing whom Kazini adopted and put through school and college in Kalimpong. Khatiawara was by far the most promising of the lot. He brought in several other youths and talked with gusto of the village organization he was building up: "Our Nepalese members are called garam dal while the Bhutiya-Lepchas are the naram dal. One is, for fighting, the other for agitational propaganda." The unconscious distinction between garam and naram militant and moderate in political terms, also revealed Sikkim's great divide of temperament.

There was no doubt as to where young Khatiawara stood. "I will drink this Chogyal's blood!" he would scream, raising, clenched fists to the heavens. But Kazini was his adored "mama , though publicly he would say of Kazi and Kazini: "They are our rashtriya pita and rashtriya mata." Kazini preened herself with satisfaction but added: "Actually you know, they call Kazi sahib [the Mahatma

Gandhi of Sikkim." The hint was at once taken, and for a few weeks Kazi basked in the new honorific. Contd...

महान नेपाली, गौरवशाली नेपाल

नेपाल प्रकृति प्रदत्त मुलुक हो । यति सुन्दर मुलुक धरामा कहीं पनि छैन । विश्वमा नेपालभन्दा सुन्दर अर्को थलो नै छैन । अन्तरीक्षबाट पनि नेपाललाई पहिचान्न सकिन्छ । यसको भू बनोटले गर्दा यहाँ १८ भन्दा बढी प्राकृतिक मौसम छन् । यो अन्तरजीवीय वातावरणले भरपुर छ । यो पृथ्वीको उत्तरी गोलार्धमा हुनु र दक्षिण पाटोमा फैलिनुले घमाइलो भूभागमा पर्छ । यहाँ युरोपमा झैं अँध्यारो र रोइदाशे दिन हुँदैन, सधैं घामलाग्छ, सधैं उज्यालो हुन्छ । विश्वका सबै उद्भिद यहाँ हुन्छन्, बरू यहाँ हुने अन्यत्र हुँदैनन् । यहाँको विविधता अवर्णीय छ । जैविक विविधता, भौगोलिक विविधता, कला र संस्कृति विविधता, आचरण संस्कार विविधता तथा वनस्पतीय विविधता, पोशाक विविधता, आहार विविधता, भाषिक विविधता अनि यी सबैमा अनेकतामा एकता, सर्वत्र विचित्रता छ । यो नेपालको मौलिक विशेषता हो ।

प्रकृतिले विश्वमै सुन्दरतम बनाएको यो देशमा कुरूपतम राज्य व्यवस्था हुनुमा गोरा महान् बनाउने लर्ड मेकाउलेको भौतिक उपभोक्तावादी शिक्षा पद्धति हो । बेलाएतले भारतमा लदान गराएको त्यो पद्धति छुत रोगका रूपमा नेपालमा छिरेको हो । त्यही संस्कारमा हुर्केका नेपालका राजनीतिज्ञको भ्रष्ट मानसिकताले यो मुलुक पछि परेको हो । नेपाल आफै उपनिवेश हुनुबाट बचाउन सके पनि छुत रोगबाट ग्रसित भएबाट नेपालको आर्थिकस्थिति कमजोर बन्दै जानुमा आयातित राजनीति, प्रशासन र आर्थिक पद्धति मुख्य हुन् । यस्ले नै यहाँ कुशासन फैलाएको छ । व्यक्तिपरक अनात्मिक निहित स्वार्थले भ्रष्टाचार बढेको हो । दलीय नेतृत्वमा आयातित यो प्रवृत्ति चरमकोटीको छ । अंग्रेजले छोडेको भारत आज पनि काला अंग्रेजबाट शासित छ । अर्थ व्यवस्था, शासन व्यवस्था, राजनीति व्यवस्था, शिक्षा र स्वास्थ्य व्यवस्था, उद्योग र व्यापार सबै अंग्रेजले लुटनकालागि बनाएको नियम कानूनबाटै परिचालित छ । आज पनि काला अंग्रेजले चलाएको इस्ट यण्डिया कंपनीबाट गरीब नेपाली चुसिएका छन् ।

प्रकृति प्रदत्त नेपाल : नेपाल विश्वको खानेपानीको सबैभन्दा ठूलो स्रोत भण्डार हो, ध्रुवहरू पछिको हो । यसले कुल जनसंख्याको एक चौथाइलाई शुद्ध पानी आपुर्ति गर्न सक्दछ । जनसंख्या र क्षेत्रफल दुबैबाट पनि उत्कृष्ट देश हो । यो देश न अछन्यायीलो छ न धेरै सानो । अनेक जात थर, गोत्र, वर्ण धर्म, भाषा, संस्कार, संस्कृति, रहनसहन, लवाइखवाई, चाडवाड, तिथिपर्व सहित अनेकतामा एकता भएको मुलुक हो ।

यहाँको भूगोल, प्राकृतिकस्रोतसंग नमिल्ने आयातित राजनीति, प्रशासन, शिक्षा, स्वास्थ्य, सुरक्षा आर्थिकनीति, कानुन र अन्य पद्धतिलेगर्दा मुलुक परनिर्भर हुँदै गएको छ । यो आज भौतिकउपभोक्तावादी धनी देशको शोषणको थलो भएको छ । आर्थिक उन्नति नभएसम्म यहाँको जीवनस्तर उठ्दैन । जनजीवन उच्च नभए देश समृद्ध हुन सक्तैन । समुन्द्रतट बाहेक अरू सबै सुविधा नेपालमा छन् । भूभागको एक तिहाई हिमाली भाग जरिबुटी र पर्यटन उद्योगका लागि एकलौटी थलो हो । हिमालय राष्ट्रिय निकुञ्ज र पर्यटन आयुर्वेदिक उद्योगले मात्रै नेपालको कुल जनसंख्या बरोबरी रोजगार विदेशीलाई समेत दिन सक्छ । तर पनि नेपाल किन गरीब रहिरह्यो त्यस्लाई गहिरिएर केलाउनु परेकोछ ।

भूपरिवेष्ठित भएको कारणले मात्र नेपाल गरिब देश बनेको हो भन्ने एक तर्क छ । त्यसो भए स्विजरलैण्ड, लिचटेनटाइन, लक्जमबर्ग आदि भूपरिवेष्टित मुलुकले पनि प्रगति गर्न नसक्नु पर्ने हो तर ती मुलुकले बेजोड प्रगति गरेका छन् । ती देशको प्राकृतिक श्रोतसाधन नेपालको भन्दा नराम्रो छ । वास्तवमा प्रगति र अवनति त्यस देशको शासन व्यवस्था, नेतृत्व खुबी, नैतिक र इमान्दारीता, ज्ञानसिप र प्रविधि तथा देशप्रतिको मायाभावमा निर्भर गर्दछ । यी सबै कुरा सन ६२९ देखि १९४७ सम्म १३१८ वर्ष लामो आर्यावर्त भूखण्डमाथि मुसाई र इशाईले गरेको बरबर अत्याचार र लुटका कारण नासिएकोले यसो भएको हो । नेपालले उपनिवेश हुनबाट देश त बचायो तर भारतबाट छुत रोगका रूपमा छिरेको संस्कार सभ्यता, धर्म-आचरण, ज्ञान-शीप, शिक्षा-स्वास्थ्य पद्धति जोगाउन सकेन ।

नेपालका जनता पौरस्त्य शासन तथा आर्थिक पद्धति, वैदिक दर्शन, संस्कार र संस्कृतिमा अभ्यस्त छन् तर सरकारको निर्माण पद्धति, प्रविधि उपनिवेश तथा सामन्तवादी अग्रेजको छ, मेकाउलियन शिक्षा पद्धतिको छ र पाश्चात्य भौतिक उपभोक्तावादी इशाई संस्कारमा आधारित छ । अब केही मुख्य श्रोतहरूको बारेमा चर्चा गरौं । नेपालका प्राकृतिक श्रोत साधन अनुरूपको आर्थिक स्थिति बन्न सकेको छैन भन्ने कुराको पुष्टि यसपछि उल्लेख गरिएका श्रोतहरूको स्थितिले पुष्टि गर्दछ । आज पनि इशाई र रअ नेपाललाई गरीब बनाइ राख्न चाहन्छन् । प्रवृत्तिगत भड्काउन चाहन्छन् ।

मानव श्रोत

नेपालको मानव श्रोतले विश्वमै ख्याती कमाएको छ, शारीरिक र मानसिक दववै स्तरमा । रणनीति कौशलमा पनि अपार छ । विश्वमा सूर्यास्त नहुने देश मानिएको अंग्रेजलाई रणमैदानमा सदा लखेट्यो, धर्म सभ्यता विनाश गराउन आएका मेकाउले र इशाईहरूलाई प्रवेश नै दिएन । शारीरिक श्रम गर्न पनि नेपाली माहिर छन् । पहाडै पहाडको यो भूभागलाई जनश्रमबाट तरेली परेका गरा बनाएर फांटकाफांट निर्माण गरेका छन् । आश्चर्यलाग्दो प्रकृतिलाई आश्चर्य लाग्दो जन बलले तिखारेको छ । विश्वमा वन, नदी र जलचर स्थलचर तथा नभचरको उच्चतम संरक्षण गरेको छ ।

आज नेपालमा पौने तीन करोड जनसंख्या छ । बालवृद्ध र अशक्तको संख्या दुईतिहाई छ भने श्रोत परिचालन गर्ने मानव श्रोत एक तिहाई छ । त्यसमद्वे एक तिहाइले देश धानेको छ भने दुईतिहायी श्रम शक्ति विदेश पलायन छ । विदेशलाई सम्पन्न बनाई रहेको छ । यो अवस्था १९९०मा मुलुक पूर्ण पाश्चात्य करण भएपछि आयो ।

पर्यटन श्रोतः पर्यटन कला हो, साहित्य हो । यसले मानवत्व बढाउन र क्रुरता घटाउन सघाउँदछ । नेपालको पर्यटन उद्योग विश्वकै एकहट्टी बजार पाउने प्राकृतिक श्रोत हो । नेपालको हिमाली राष्ट्रिय निकुञ्ज र पर्यटन उद्योग जोडेपछि विश्वकै उत्कृष्ट र एकमात्र गन्तव्य थलो बन्दछ । मानव उत्सुकताहरूको तिर्खा मेटाउने थलो बन्छ । प्रकृतिका पानामा स्थलगत अध्ययन गर्ने ज्ञान विज्ञानको विषय हुन्छ । एउटा रोमाञ्चकारी, एउटा आनन्द दिने शान्ति जन्माउने विश्वकै उत्कृष्ट थलो छ, बन्दछ ।

डा. शास्त्रदत्त पन्त

चांदीको हिम शृखला, संसारको मुकुट सगरमाथा,[१] अनगिन्ती हिम चुचुरा, हरिया पहाड, छड्छडाउँदा झरना, लहरा र पहरा, सुस्साउने र मडारिने नदीनाला, हरिया तथा जैविक विविधताले परिपूर्ण वन पाखाहरू, अव्यापारी तथा अनौद्योगिक कृषि, लहलहाउँदा धानकाबाला; थरिथरिका पहाड, उपत्यका, भन्ज्याङ्, खोल्सा र पानीकामूल, सास्कृतिक र धार्मिक चालचलन; भाषा, बोली, लगाइखवाइ; नृत्य, संगीत तथा पर्वतीय क्षत्रका असुगमता; संवेदनशील परिस्थितिक प्रणाली; तल्लो न्यानो चुरे, महाभारतदेखि हिमालयसम्मका १८ प्रकारका जैविक विविधता भएको विश्वकै मनोरम ग्रामिण देश नेपाल हो । पर्यटनको मोती हो जुन नेपालले चिनाउनै सकेको छैन । यो त वांदरको दातले टोक्ने मोती भएको छ ।

नेपालको पर्यटन भावनात्मक विषय हो । प्रकृति साहित्यिक ज्ञान हो । ज्ञानले हृदय र भावनासंग तादात्म्य राख्दछ । हृदयले प्रेम, सद्भाव, ममत्व बनाउछ । विज्ञान हथौडा हो । यसले कर्मीसोचको मानिस बनाउँछ अनि यसले वस्तुसँग सम्बन्ध राख्दछ, क्रूरतामात्र सृजना गर्दछ । यतिखेर विश्व क्रूर हुँदै गएको छ । भावना र मानवत्व मर्दै गएको छ । संगीत सबै नेपाली नै रहनुपर्छ; पर्यटक फर्केर जाँदा नेपाली धून, गीत गुनगुनाएर जाने हुनुपर्छ, ती धून ने नेपालको पर्यटन विकासका विज्ञापन बन्दछन् ।



बौद्ध गन्धार- नेपालीकरण राजन कार्की : शुद्धोधनकी रानी महामाया वोधिसत्व गर्भमा रहेको दश महिना हुँदा आफ्ना माता पितासित भेट गर्न इच्छाले माइतीघर देवदह जाने भइन् । माइती जदैगर्दा वाटोमा सालको रूखसहितको लुम्विनी वगैंचामा आराम गरिन् । त्यहीं नै महामायाले पुत्रलाई जन्मदिइन् । सिद्धार्थ जन्मिए । लुम्विनी वगैंचामा बुद्धको जन्मदेखि महापरिनिर्वाण, महा-उपेदश, अन्त्येष्ठी र बुद्धअस्तुहरूका वितरणसम्मको इतिवृतान्तको पुस्तक हो- बौद्ध गन्धार । यो पुस्तक पाकिस्तानी पुरातत्वविद इशान एच. नदीमले लुम्विनीको भ्रमणपछि लेखेका हुन् । यो पुस्तकको नेपालीकरण गोरखा एक्सप्रेसका सम्पादक राजन कार्कीले २०६६ सालमा प्रकाशित गरेका हुन् । यो कृति देशका सबै ठूला पुस्तकालय र त्यस समयदेखि राजनीति गर्ने र ठूला प्रशासक धेरैका हात हातमा पुऱ्याइएका छन् ।

बुद्धधर्मको महिमा

"अन्तिम सम्म रहने धर्म नै बुद्ध धर्म हो"

विश्वविख्यात वैज्ञानिक आन्सटाईनलाई संसारमा मानव सभ्यताको अन्तिम सम्म कुन धर्म रहला भनी प्रश्न गर्दा उनले भनेका थिए "अन्तिम सम्म रहने धर्म नै बुद्ध धर्म हो" जवकि उनी यहुदी थिए । मलाई उनको भनाइ को प्रमुख कारण वैज्ञानिक छ जस्तो लाग्छ । अरू सबै धर्म एक आपसमा लड्छन तर बुद्ध धर्मले मनुष्य लाई निश्चित नियममा बाधेको हुन्छ जुन नियम मानवीय र सहनशील छ । म आफु हिन्दु कुलमा जन्मे पनि मन देखिनै वुद्विष्ट हु तर हिन्दु धर्मका देवी देवतालाई पनि मानेकै हुन्छु । कर्मकाण्डी वाहुनवाद , जातियता मानव जातिको सबभन्दा ठूलो शत्रु हो । हुनत बुद्ध धर्म सरकारी धर्मको रूपमा रहेको म्यानमार र थाईल्याण्ड जस्तो देशमा पनि त्यहाको बौद्ध मार्गी सैनिक सत्ताले बुद्धमार्गी जनतालाई दमन गरिरहेछ । जवकि चीनमा बुद्धका विहार चैत्यहरू जस्तो बुथाई सान(मञ्जुश्री को जन्मस्थल) मा जादा हामी संगै जाने कम्युनिस्ट पार्टीका सदस्य पनि भएका अधिकारीहरूले त्यहाँ बस्दा रक्सी र मासु नखाई दिन सुध्म संकेत गर्थे । वुथाई सानका दुई बटै पहाड जस्ता अग्ला चैत्यहरू नेपालवाट गएका अरनिकोले बनाएका हुन । चीनको धेरै भुभागमा नेपाल चिनियाँहरूले बनाएका असंख्य मुर्ति , प्यागोडा र अन्य कलाकृति हरू बनाएको पाईन्छ । थान्का पनि नेपाल बाट नै चीनमा गयो । नेपाल र चीन विचको बौद्ध धर्मको बारे चीन अध्ययन केन्द्र ले केही अनुसन्धान र किताबहरू प्रकाशित गरेको छ । बुद्ध धर्मको प्रख्यात विद्वन स्वर्गीय मीन बहादुर शाक्यले चीनमै गएर बुद्धभद्र सम्बन्धमा गर्नुभएको योगदान बारे पुस्तक लेख्नुभएको हो । चीन अध्ययन केन्द्रको अनुरोधमा शाक्यले अरनिको बारेमा पनि अन्वेषण गर्दै लेख्दै हुनुहुन्थ्यो तर वित्नुभयो । त्यो किताब अझैं प्रकाशित हुन सकेको छैन । उहाँका छोराहरू लागिरहेछन तर म आफु चीन अध्ययन केन्द्र मा नरहेको बराबर भएको ले यसवारे मलाई केही थाह छैन ।चीन अध्ययन केन्द्रले सुरू सुरूमा नै नेपाल - चीन बौद्ध धर्मको सम्बन्धमा एउटा सम्मेलन गरेको थियो । भाग लिन चीनवाट पनि बुद्विष्ट विद्वानहरू नै आएका थिए । सामाजिक सञ्जाल, मदन रेग्मी ।

आपातकालीनजस्तो अवस्था

सुरेशकुमार पान्डे

भ्रष्टाचारका फइलहरू खुलेपछि भ्रष्टाचारको लहरो तन्किंदै आएको छ । गृहमन्त्री श्रेष्ठले आरजुर सिटौलालाई गिरफ्तार गर्न उनका हात कांपिरहेका समाचारहरू पनि छन् । एकातिर भ्रष्टाचारीहरू देशमा पसेर राज गरेका छन् । उनै हत्या, हिंशा र बलात्कारमा मुछिएकाछन् ।

निर्मला बलात्कार पछि भएको हत्याकाण्डमा फेरी वादलको छोरातिरशासन पुग्न सकेन । देशका ठुलाठुला पदमा बसेकाहरू वाटै भ्रष्टाचार बलात्कार हत्या र देश बेचेर दलाली खाने काम भएपछि देशभित्र अमन चयन, रक्षा सुरक्षा, न्याय निसाब सोंच्नै सकिदैन् । ललिता निवासको १ सय ४३ रोपनी ६ आना ३ पैसा ३ दाम जग्गालाई हिनामिना भएको निस्कर्ष सहित मिनवहादुर गुरूङ्ग लगायत ३६० जनाको विरूद्धमा मुद्धा चलाउने सरकारलाई सफारिस गरेको थियो । अहिले चार सय भन्दा बढी पुगेका छन् । २०७६ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विशेष अदालतमा ३९ करोड २७ लाख विगो माग दावी सहित मुद्धा दायर गरेको थियो । अहिले सम्म ललिता निवास प्रकरणमा सत्र पकाउमा परेका छन् । ५ पूर्वसचिवसहित धेरैलाई पकाउ पूर्जी केन्द्रिय अनुसन्धान ब्युरो (सि आई वी) ले पूर्व निर्वाचन आयुक्त सुधिरकुमार शाह पनि पकाउ परेका छन् । मिनवहादुर गुरूङ्ग सहित तत्कालीन मालपोत प्रमुख कलाघर देउजा, खरदार गोपाल कार्की, सुरेन्द्रमान कपाली, हुपेन्द्रमणी केसी र धर्मप्रसाद गौतम आदिलाई पकाउ गरिएको छ । भ्रष्टाचारको लामो लहरो तन्किंदै गएको अवस्था छ । नेता बुण्ठु पौडेल समेत पकाउ पर्न सक्ने देखिन्छ ।

अर्कोतिर सरकारले विदेशीलाई आफ्नो सर्वस्व लुटाएको छ । यस्तो देशको तरल परिस्थितिमा शक्तिराष्ट्रहरूको चलखेल पनि बढेको छ । अहिले भारतियलाई खुशी पार्न पुष्पकमदहालले खेलेको भूमिकालाई सही साबित गर्न नागरिकता सम्बन्धी सर्वोच्चले गरेको फैसलालाई कुनै हालतमा देशको हितमा छ भन्न सकिदैन् ।

देशमा जो नहुनु थियो त्यही हुँदै आएको छ । एउटा ३२ सिट लिएको एमाओवादीका पुष्पकमल दहालले गरेको नेतृत्ववाला यो सरकार पनि खुस्किने कगारमा छ । देशमा अहिले अराजकताले आपतकाल जस्तो अवस्था सिर्जित भएको छ । हुन त जुन सङ्घट हामीले निम्तिएका छौं यो नागरिकता विधेयक नेपाली जनताको लागी नै होइन । अनावश्यक मुद्धामा देश बल्झिएको छ । भारतले आफ्ना आश्रितलाई वंशजको आधारमा नेपालमा भित्राउन नेपाली बनाउन चाहेका थिए । पूरा भयो । अब विस्तारै नेपाली नेपालमै अल्पमतमा पर्नेछन् अनि छिमेकीहरूको हाम्रो देशमा बहुमत हुनेछ । त्यो बहुमतले नेपाललाई सिक्किमीकरण गर्नेछ । अहिले सर्वोच्चले दिएको फैसलाले देशलाई आरामसंग सिक्किम बनाउने खतरा बढेको छ ।

गत केहिदिन पहिले यसैविषयम काठमाण्डौका मेयर वालेन साहले भने जस्तै राष्ट्रियताको सवालमा देशभक्त जनताले राष्ट्रघाती निर्देशन नमान्न पनि सक्छन् । उनले भन्छन् के दलालहरूको मिलिभगतमा सर्वोच्चले देश सिक्किम जस्तै भारतलाई दियो भने हामीले मान्ने ? यो सोंचनीय विषय छ । वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारी र वालकृष्ण न्यौपानेले गत १७ जेष्ठमा राष्ट्रपति रामचन्द्र पौड्यलले प्रमाणीकरण गरेको उक्त नागरिकता विधेयक सम्विधान विपरित भएको भन्दै सर्वोच्चमा रिट हालेका थिए । तर न्यायाधीश आनन्दमोहन भट्टराई र कुमार रेग्मीको संयुक्त इजलासाले संसदबाट दुई-दुई पटक पारित भइसकेको नागरिकता विधेयक प्रतिनिधिसभाको कार्यकाल सकिएपछि निस्क्रिय भयो वा शून्यमा गयो भन्न नमिल्ने ठहर गर्दै रिट खारेज गरेपछि भारतीयहरू नागरिकता लिन थालेका छन् ।

अहिले अदलालतले दुइटा फैसलाहरू देशको अहितमा सुनाएको आम नागरिकलाई महसुस् भएको छ । एउटा नेपालविरोधी प्रचार भएको हिन्दी चलचित्रलाई चलाउने आदेश, आर्को नागरिकता विधेयकको बारेमा । सर्वप्रथम यी दुवै मुद्धाहरू भारतको दवावमा पारित भएकाछन् । हिन्दी चलचित्र आदी पुरूषका लेखकले जुनप्रकारको बयान दिएका छन् त्यो अत्यन्तै गलत छ । अमान्य छ ।

उपरोक्त विचार यदी नेपालको कुनै नेताले भारतलाई भन्थ्यो भनी के के हुँदो होला ?अनुमान गर्नसकिन्छ । आज भारतले र त्याहाँका धनाढ्याहरूको दवावमा आएको यो राष्ट्रघाती निर्णयलाई कसरी यो देशका नागरिकलाई पाच्यहुन्छ ? एउटा स्वतन्त्र देशलाई विदेशीको गुलाम बनाउने षड्यन्त्र पुष्टि भएको छ ।

अहिलेसम्म नेपाली जनताले यो देशको अखण्डता र स्वतन्त्रताको लागी दिएको त्याग बलिदान यी मुट्ठिभर नेताहरूले आ आफ्नो स्वार्थको भेटी चडाएका छन् । देशका जनतालाई नेता दलाल भएपनि सर्वोच्चले राष्ट्रियतालाई जोगाएको छ र जोगाई रहने छ भनेर गर्व गर्थ्यौं तर अहिले त्यो पनि समाप्त भयो ।

इतिहास हेर्दा नेपाललाई कब्जा गर्ने मनसायले धेरैले हमला गरेका छन् । नेपाललाई स्वयम बंगालका शासक शुल्तान समसुद्विन इलियासले विस.१४०६ लुटने आक्रमण नगरेका होइनन् । राजा देवराजको पालामा । पछि द्रव्य शाहले १६२५ भाद्रमा २५गते गोरखाराज्यको स्थापना गरेका हुन् । १८०१देखि ३० वर्षसम्म पृथ्विनारायणले एकिकरण गरेका थिए । जुन आज अपमानित हुँदैछ ।

अंग्रेज समेतले नेपालमा युद्ध लड्यो तरपनि नेपाललाई गुलाम बनाउन सकेन । बरू सुगौलीको सन्धिले देशलाई टुक्रा जरूर पाऱ्यो । नेपाल अंग्रेजबिचको सन्धिमा नेपालले विदेशवाट सामान ओसार्दा भारतीय बन्दरगाहमा भन्सार नलाग्ने र नेपाल र अंग्रेजबिच समान सम्बन्ध कायम रहने भनेर सार्वभौमसत्ताले मान्यता पाएको थियो । दार्जीलिंगका शुभाष घसिडले तत्कालिन प्रधानमन्त्री मनमोहन अधिकारी र भारतलाई समेत सोधेका थिए "दार्जलिंगको अविभावक को हो ? सन १९९५ मा दिल्लीमा भएको भारत नेपाल वार्तामा सन १९५० को सन्धि पुनरावलोकन हुनुपर्छ भनी प्रतिवद्धता जनाएका थिए । नेपाल र भारतका नाउँमा खुल्लापत्र जारि गरेका थिए । भारतमा बसोबास गरेका नेपालीहरू जो जमिन सँग टुक्रिएर गएका थिए तिनले लामो सङ्घर्ष गरे तर नेपाली शासकहरू आफ्नो गुमेको भुभाग लिन चिन्तित देखिएनन् बरू कसरी भारतलाई खुसी पार्ने भन्ने चिन्तामा देखिए । देखिएकै छन् ।

सामाजिक सञ्जालमा नगरप्रमुख

WEEKLY LUCKY DRAW RS. 100,000
१ वर्षमा २४ महिना
१ वर्षको रिचार्ज गर्दा २४ महिनासम्म DishHome हेर्न पाइने
१ महिनाको वा रु.१००० भन्दा माथिको रिचार्जमा ५% बोनस
३ महिनाको रिचार्जमा १ महिना बोनस
६ महिनाको रिचार्जमा ३ महिना बोनस
रु. १००० रिचार्जमा १०% बोनस
रु. २००० रिचार्जमा २०% बोनस
2999 only
जडानका लागि MISS CALL दिनुहोस् 9802088999
वा नजिकको डिलरमा सम्पर्क गर्नुहोस्

सेनाको विवाद किन झिकियो ?

प्रधानमन्त्री पत्नी सीता दाहालको अन्त्यष्टीमा नेपाली सेनाले दिएको सलामी र गएको मलामीले धेरैलाई उग्र बनाएको छ । हुन त विधिद्वारा स्थापित सरकारको हरेक हुकुम मान्ने कुरो नेपाली सेनावाट पहिल्यै नै आइसकेको हो । तापनि सेनाले संविधानमा नलेखिएको विषयमा स्पष्ट हुनुपर्थ्यो, नकार्न सक्नुपर्थ्यो । अझ सरकारले नै प्रधानमन्त्री पत्नीलाई राजकीय सम्मान दिने निर्णय गर्न हुन्थ्यो । सीता दाहाल सिर्फ माओवादी पार्टीको सल्लाहकार हुन् । उनी संविधानले चिनेको राष्ट्रिय व्यक्तित्व होइनन् । उनको हैदावशानमा समवेदना प्रकट गर्नुपर्छ । हुन त सरकारले निर्णय गरिसकेपछि सेनाले राजकीय सम्मान दिन गर्नुपर्ने कार्य त गर्ने नै भयो ।

यसै खलबलका वीचमा एकथरिले चाहिं पूर्व प्रधानमन्त्री मरीचमान सिंह श्रेष्ठलार्य पनि सम्झिएका छन् । राष्ट्रवादी छवि बनाएका श्रेष्ठको निधनमा तत्कालीन प्रम बाबुराम भट्टराईको गणतान्त्रिक सरकारले राजकीय सम्मान दिन मानेन । स्वदेशभित्रैवाट तीव्र दवाव दिइएता पनि बाबुराम सरकार हलचल गरेन । त्यसो त ०४५ सालतिर भारतले लगाएको १४ महिने नाकाबन्दीको साहसपूर्वक मुकाबिला गरेका थिए मरीचमानले । भारतवादी क्रान्तिकारीले साहसी र राष्ट्रवादी छविका पूर्वप्रधानमन्त्रीलाई राजकीय सम्मान नदिनु स्वभाविक थियो । त्यतिबेला नेपाली सेनाले सुझाव दिने काम पनि गरेन । राष्ट्रभक्त सेना, राष्ट्रभक्त पूर्व प्रधानमन्त्री मरीचमान सिंह श्रेष्ठ, एउटा विवाद बजारभरि फैलिएको छ । प्रधानमन्त्री पत्नको मलामी र दिएको सलामीले नेपाली सेनाको नूर उठ्यो कि झुक्यो ? सायद यही कारण सेनाको संख्या घटाउनु पर्ने प्रश्न उठाउन थालिएको छ । यथार्थमा सेनाले राष्ट्ररक्षाका लागि आत्ममिमांसा गर्नुपर्छ, सेनाको संख्या बढाउनुपर्छ । किनकि देशको अस्तित्व सेनाको दुरूपयोग गर्ने राजनीतिकै कारण जोखिममा छ ।

एमालेकी सांसद विमला राई पौडेलले सेनाको संख्या घटाउनु पर्ने कुरा उठाइन् भने रास्वपाका सांसद स्वर्णिम वाग्लेलगायतले पनि यही कुरा उठाएका छन् । मधेसवादी त सेनाको विघटन नै गर्नुपर्छ भन्ने मान्यता राख्छन् ।

यथार्थमा सेना भनेको कुनै पनि स्वतन्त्र राष्ट्रको पहिचान हो । होला कोतपर्वदेखि ०५८ सालको दरवार हत्याकाण्डसम्म सेनाको भूमिका जोडिएको होला । जनयुद्ध र जनआन्दोलनपछि संवैधानिक राजा, जोसेनाका परमाधिपति पनि थिए, तिनको आदेश अवज्ञा गरेको भनेर विवादित पनि होला । सेनाको संख्या घटाउनुपर्छ भनेर परचक्रीको आवाज उठाउनेले बुझ्नुपर्छ कि यस्ता कुरा बोल्दा तिनले मुलुकको ख्याल गरेका छन्- नेपाली सेना पनि हो स्वतन्त्रताको पहिचान दिने । संविधानअनुसार राष्ट्रपतिले सरकार चलाउँछन् भन्ने विश्वा गर्नु भूल हुन्छहै । जसरी राज्यसञ्जाल आफ्खुशी चलाइएको छ, पछिल्ला दिनमा सेना र अदालत, संवैधानिक अन्य निकायहरू पनि त्यही लागू गरिएको छ भन्ने अनेक दृष्टान्तवाट देखिन्छ । न पदाधिकारी, नागरिक समाज, सल्लाहकार, थिङ्कटेङ्कहरूले उचित सुझाव दिएका छन्, न सत्तासीनहरू नै विवेकशील बनेका छन् । सरकार बाइफाले बन्नुको कारण नै विवेकहीनता र स्वार्थ हावी हुनुले हो । सेनाले वर्तमान संविधानअनुसार नै पनि आफ्नो कार्य निर्धारण गरियोस् भनेर भन्दा आफ्नो हैसियत विसेंको भनेर पुरै भन्न सकिएला र ? जनयुद्धकालमा धेरै मरे, मारिए । त्यतिबेला सेनालगायतका सुरक्षाकर्मी पनि घानमा परेकै हुन् । ऊ बेलाका कुरा कुबेलामा गर्नु उचित नहोला, तर सेनाको मलामी र सलामी व्यवहार यो गम्भीर विषय नै हो । संविधानअनुसार चल्ने सेनाले संविधानविपरितका सरकारका आदेश पालना गर्न जरूरी छ र ? राष्ट्रका लागि योगदान नभएका र संविधानले नचिनेका व्यक्तिलाई सेनाले सलामी दिएर निराश पार्नु, दुखी तुल्याउनु उचित भयो भएन, सेनाले विश्लेषण गर्नैपर्छ ।

सेनाको मलामी, सलामी र संख्या घटाउने विवाद उठेको छ । सेनाले मलामी र सलामीका विषयमा स्पष्ट हुनुपर्छ भने संख्या घटाउने होइन, बढाउनु उचित हुनेछ । सेनाको भूमिका आउने दिनमा झन बढी हुने विषय नकार्न सकिंदैन ।

हिजो आजका कुरा, राष्ट्रको कोखामा छुरा

प्रेम सागर पौडेल
नेपाल-चीन पारस्परिक सहयोग समाज

- प्रत्येक नेपाली पुष्पकमल दाहाललाई सम्पूर्ण नेपाल र नेपालीको नेता भएको देख्न चाहन्छन् । यसका लागि उनले सबैलाई समान रूपले व्यवहार गर्न, समान अवसर र सम्मान वितरण गर्न सक्षमता देखाउनुपर्छ । अहिले जसरी एकका विरूद्धमा अर्कोलाई उचाल्दै हिड्ने गरिएको छ, त्यस्तो बाँदर प्रवृत्ति त्यागनुपर्छ । देशभक्त नेपालीहरू जो नेपाल सरकारले अवलम्बन गरेको एकचीन नीतिलाई मान्दछन्, तिनलाई पनि अरू जत्तिकै सम्मानजनक व्यवहार गर्न र अवसर दिनेतर्फ ढिलाइ नगर्न ध्यानाकर्षण गराउन चाहन्छु । शान्तिपूर्ण मार्गवाट मात्रै विश्वभातृत्व, सहअस्तित्व, सम्मान र आपसी सद्भाव वृद्धि हुनसक्छ भन्ने सत्य नविर्सनु उचित हुनेछ ।

यसतर्फ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले समयमै गम्भीरतापूर्वक सोच्ने छन् भन्ने विश्वास अझै देशभक्त नेपालीमा बाँकी छ । हेक्का रहोस् ।

- अरूको स्वार्थमा नागरिकता विधेयक प्रमाणित गराएर नागरिकता वितरण भइरहेको छ । एकातिर जनस्तरमा भारत विरोधी भावना फैलाउने, आँफैले बिआरआईमा सहमति जनाएर चीनको विरूद्धमा जनस्तरमा चीन विरोधी भावना फैलाउने काम पनि भइरहेको लुकेको छैन । यो देश सबै जात जाति, धर्म, सम्प्रदाय र विचारका नेपालीको हो । नविर्सदा उचित ।

- कुनै शक्ति राष्ट्रसँगको सामिप्यता र विशेष सम्बन्धका आधारमा नजिक र टाढाको सम्बन्ध र व्यवहार गर्ने गर्दा त्यसबाट उत्पन्न हुने नकारात्मक परिणामका लागि पनि तयार हुनुपर्छ । देशको नेतृत्वमा पुग्नुको अर्थ देश नै बिर्तामा प्राप्त गरेको भन्ने अर्थमा नबुझौं । नेपालको पञ्चशीलको सिद्धान्तलाई पनि ध्यानमा राखौं ।

- देश र जनताको संरक्षण र हितको रक्षा गर्न नसक्ने कुनै अमुक शक्तिको लागि काम गर्ने व्यक्ति कदापि नेता हुनसक्दैन । भरियामात्र हुनेछ ।

- यो सरकारले नेपाल-भारत, नेपाल-चीन र चीन-भारत बीचको सम्बन्ध राम्रो हुन नदिन र अस्थिरता मच्चाएर आफ्नो आयु लम्ब्याउन दोहोर भूमिका चलिरहेको देखिन्छ । त्यसको पछिल्लो उदाहरण चीनबाट हातहतियार र बन्दोवस्तीका सामाग्री नेपाल ल्याउने तत्कालीन देउवा सरकारको निर्णयलाई कार्यान्वयन हुन नदिन भारत र चीनका विरूद्ध अविश्वास उत्पन्न गराउने दुष्प्रयास भइरहेको स्पष्ट नै देखिन्छ ।

- गठबन्धन सरकारले नेपालभित्र प्रो-वेष्टर्न र प्रो-ईण्डियन (जो प्रोईण्डियन भएर पनि पश्चिमाका लागि काम गर्छन्) लाई मात्र महत्त्वपूर्ण अवसर दिने, भेटघाट गर्ने र पहिलो दर्जाका नागरिकको व्यवहार गर्ने गरेको छ । यसबाहेकका देशभक्तहरूलाई दोस्रो दर्जाको नागरिकको व्यवहार गरिएको छ । जुन कदापि उचित मान्न सकिंदैन । जुन गलत छ ।

- नेपाल-भारत, नेपाल-चीन र चीन-भारत बीचको सम्बन्ध राम्रो बनाउनुपर्छ भनेर लागिरहेका अभियन्ताहरूलाई झुठा आरोपमा फसाउने, प्रहरी-प्रशासन झिक्का गलत तत्वलाई प्रयोग गरेर सताउने काम सरकारले झिर्री रूपवाट गरिरहेको बुझ्न कुनै कठिनाइ छैन ।

- यतिबेला सरकारले नेपाल-भारत, नेपाल-चीन र चीन-भारत बीचको सम्बन्ध बिगार्न निकै दुष्प्रयास गरिरहेका थुप्रै घटनाक्रमले पुष्टि गर्दछ ।

- जति-जति बेला पुष्पकमल दाहाल देशको प्रधानमन्त्री भएका छन् । त्यति त्यतिबेला देश अझ कमजोर र अस्थिर हुने गरेको छ । नेपाल-भारत बीचको सम्बन्ध बिगार्ने, जनस्तरमा भारत विरोधी भावना बढाउने मात्रै नभइ नेपाल-चीन बीचको सम्बन्ध बिगार्ने, कमजोर बनाउने र जनस्तरमा चीन विरोधी भावना फैलाउने काम प्रचण्ड सरकारले गरिरहेको प्रष्टै अनुभूति गर्न सकिन्छ ।

- सन २०१२ को एकदिन रोयल सिङ्गी होटलमा विदेशी कुटनीतिज्ञ, म र माओ+बुढ्को विचार फ्यूजन गरेको दावी गर्नेका बाबुछोरा तथा अन्य केही नेता डिनर गर्दै थियौं दारू सहित । त्यतिबेला उनले भने म माओभन्दा ठूलो हुँ । माओले साँस्कृतिक क्रान्ति पूरा गरे, मैले माओवाद र बुद्धिज्मको फ्यूजन गरें । त्यसैले विश्वमै म ठूलो कम्युनिस्ट नेता हुँ ।

मैले जवाफमा भनेको थिएँ- कमरेड तपाईं देश र जनताको पक्षमा रहँदासम्म म सम्मान गर्छु । जुनदिन तपाईं विस्तारवादी र साम्राज्यवादीको दलाल भएको थाहा हुनेछ, त्यो दिनदेखि तपाईंप्रतिको सम्मान देशद्रोही गद्दारप्रतिको व्यवहारमा परिणत हुनेछ । आज त्यस्तो फुइँकी लाउने पात्र देशद्रोही पुष्टि भएको छ ।

- प्रमकी श्रीमतीको निधनको दुखद खबरसँगै नेपाली सेनाको टुकडीले सम्मान अर्पण गरेको देखियो ।

कसैले बुझ्न नसकेको, उनको औपचारिक हैसियत के हो ? प्रधानमन्त्री भएको व्यक्तिको श्रीमतीलाई पनि नेपाली सेनाले दाहसंस्कारका बेला सलामी दिने नयाँ प्रचलन सुरू गरेको हो कि ?

सडक संघर्ष नै हो अबको उपाय

वरिष्ठ पत्रकार तीर्थ कोइरालाले ३३ वर्ष नेपाली सेनामा कार्यरत पूर्व जनरल केशरबहादुर भण्डारीसँग अन्तर्वार्ता लिनुभएको छ । पूर्व सहायक रथी केशर बहादुर भण्डारी सुरक्षा विषयमा विद्यावारिधि गर्ने सुरक्षाविद हुनुहुन्छ ।

जनरल केशरबहादुर भण्डारी भन्नुहुन्छ- नेपाली सेनाको स्ट्रेन्थ भनेको ५ छन् । ल्कभ,ंकभ, भहउभचभ्मलअभ, लभगतचबाप्तिथ, भहअभउतबदर्षप्तथ। अरू कुनै देशसँग यो स्ट्रेन्थ छैन, यहीकारण नेपाली सेनाको स्ट्रेन्थ विकेको छ । यसको भरमग्दुर सदुपयोग गर्नुपर्छ । अहिलेको सहभागिताभन्दा धेरै बढाउनु पर्छ । अन्तरर्राष्ट्रिय स्तरको सैनिक क्षमता वृद्धि गर्नुपर्छ । कमीकमजोरी हटाउनु पर्छ । नेपाली सेनाको युएन पार्टिपिटेशनलाई औद्योगिक स्तरमा बढाउनु पर्छ । प्रविधियुक्त नेपाली आधुनिक सेनासँग कसैले प्रतिस्पर्धा गर्न सक्दैन । देशको रिकगनिशन पनि बढ्छ । सेना अत्याधुनिक प्रविधायुक्त हुनसके देशलाई धेरै प्रकारका लाभ हुन्छन् ।

संख्या घटाएर क्षमता बढाउन जे गरे पनि हुन्छ । संख्याअनुसार पुगेको छैन, स्ट्रेन्थ बढाउनु पर्छ । भूराजनीति, चुनौति हेर्दा अहिलेको संख्या ठिकै छ । फायर पावर, मोबिलिटी र कम्युनिकेशन व्यापक अत्याधुनिक बढाउन सक्ने हो भने घटाउँदा पनि फरक पर्दैन । तर शान्ति सेना र यसलाई जोड्ने हो भने पब्लिकबाट लिएर पनि व्यापक बढाउन सकिन्छ । सक्छौं आधा रेगुलर, फौज, आधा थप फौज पब्लिकबाट पनि लिन सकिन्छ, जुन जुनसुकै बेला घटाउन सकिन्छ ।

गोर्खा सेनाबाट नेपाली सेना भयौं, सुरक्षाका दृष्टिले कहाँ छौं भन्ने सम्बन्धमा जनरल भण्डारी भन्नुहुनछ- सेनामात्र हेरेर हुन्न, राजनीति सही दिशामा किन छैन

भनेर बुझ्नुपर्छ । जंगी सेनाले डुबिसकेपछि उतार्ने होइन, डुब्ने नदिने हो । यसमा राजनीतिक, आर्थिक, कूटनीतिक, सामाजिक, पर्यावरण, धर्म, भाषा, संस्कृति, परम्परालगायतका थुप्रै विषय आउँछन्, जुन खलबलिएको अवस्था छ । न्यायालय, संसद, कर्मचारी, सुरक्षा निकाय विथोलिएको छ । लथालिङ्ग अवस्थामा पुगेको छ । कुनै कुनै नेताहरू चिन्ता गर्छन्, आफै विगार्ने आफै चिन्ता गर्ने अनि नसुधिने ? जसले नेपालको अस्तित्वमा दख्खल दिने अवस्था आइसक्यो ।

चीन इण्डिया मिलाउन सक्छ भने त्यो नेपालले मात्र सक्छ । म भारतले बनाएको प्रधानमन्त्री भन्ने बुझाइले नेपाली नेताले आफ्नो महत्व आफै घटाइरहेका छन् । रूस युक्रेन बारमा भारत तटस्थ बस्यो, नाटोमा गएन तथापि मोदीले भारतलाई अघि बढाएका छन् । बुझ्नुपर्छ भारत कहिले पनि सुपर पावर बन्न सक्दैन ।

नेपाली नेताले सेनाको महत्व बुझ्नुपर्छ र विश्व सैनिक आधुनिक प्रविधियुक्त बनाएर अघि बढ्नु पर्छ । link https://youtu.be/EEaAEAugKro

सुशासन कायम गरौं

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं ।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं ।
- विकास योजना तर्जुमा कार्यान्वयन र अनुगमनको प्रक्रियामा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं ।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड